# विद्यालय शिक्षा विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन

संघीय संसद

प्रतिनिधि सभा

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सचिवालय

# विद्यालय शिक्षा विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन

## १. विधेयकका सम्बन्धमा समितिले गरेको परिमार्जन

१. विधेयकको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नेः

"संघीय शासन प्रणालीमा विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न, विद्यालय शिक्षामा पहुँच, समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालय शिक्षालाई व्यवासायिक, प्रविधिमैत्री, सीपमूलक र उत्पादनशील बनाई राष्ट्रिय हित प्रवर्द्धन गर्न तथा विद्यालयको स्थापना र सञ्चालन गर्ने विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ"

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "२०८०" भन्ने अङ्कहरूको सट्टा "२०८२" भन्ने अङ्कहरू राख्ने।

३. दफा २ को,-

(१) खण्ड (क) को ठाउँ ठाउँमा रहेको "स्थापना वा कक्षा" भन्ने शब्दहरुको सट्टा "स्थापना, कक्षा वा तह" भन्ने शब्दहरु थप्ने ।

(२) खण्ड (ग) मा रहेको "आमा" भन्ने शब्दपछि ",बाजे, बज्यै" भन्ने शब्दहरु थपी सोही उपखण्डमा रहेका "वा माथवर" भन्ने शब्दहरु झिक्ने ।

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः

"(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनुपर्छ ।"

(४) खण्ड (च) मा रहेको "दफा १११" भन्ने शब्दहरुको सट्टा "दफा ११२" भन्ने शब्दहरु राख्ने।

(५) खण्ड (ठ) मा रहेको "विद्यालयको" भन्ने शब्दपछि "शैक्षिक," भन्ने शब्द थप्ने ।

(६) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राख्नेः

"(ड) प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि बालबालिकालाई दिइने सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनु पर्छ।"

(७) खण्ड (ढ) मा रहेको "दफा २८" भन्ने शब्दहरुको सट्टा "दफा ३०" भन्ने शब्दहरु राख्ने।

(८) खण्ड (द) मा रहेको "दफा १६०" भन्ने शब्दहरुको सट्टा "दफा १७१" भन्ने शब्दहरु राख्ने।

(९) खण्ड (न) मा रहेका “सम्झनु पर्छ“ भन्ने शब्दपछि “र सो शब्दले परम्परागत शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई समेत जनाउँछ” भन्ने शब्दहरु राख्ने ।

(१०) खण्ड (फ) मा रहेका “दफा ३९” भन्ने शब्दहरुको सट्टा “दफा ४१” भन्ने शब्दहरु राख्ने।

(११) खण्ड (म) मा रहेको “व्यक्तिले” भन्ने शब्दको सट्टा “व्यक्ति वा संस्थाले” भन्ने शब्दहरु राख्ने ।

(१२) खण्ड (र) मा रहेको “वा नगरपालिका” भन्ने शब्दको सट्टा “,नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका” भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा ३ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपी उपदफाक्रम मिलाउनेः-

“(३) स्थानीय तहले सार्वजनिक विद्यालयहरुलाई एक आपसमा गाभी आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न उपयुक्त हुने देखेमा स्थानीय आवश्यकताको विश्लेषण र स्रोतको सुनिश्चितता गरी आवासीय विद्यालय सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विद्यालय स्थापना र सञ्चालन गर्दा नेपाल सरकारलाई कुनै किसिमको थप दायित्व नपर्ने गरी गर्नु पर्नेछ ।”

५. विधेयकको दफा ४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः

(१) कसैले निजी लगानीमा विद्यालय स्थापना र सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित स्थानीय तहमा अनुमतिको लागि निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिँदा कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो कुरा समेत निवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नेः-

"(६) यस दफा बमोजिम निजी लगानीका विद्यालय सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण भई सञ्चालन हुन चाहेमा त्यस्तो विद्यालयलाई प्रोत्साहन गर्न प्रचलित कानून बमोजिम देहायका छुट तथा सुविधा दिन सकिनेछः-

(क) जग्गा रजिष्ट्रेशन दस्तुर,

(ख) विद्यालय प्रयोजनको लागि सवारी साधन आयात गर्दा लाग्ने भन्सार महसुल,

(ग) शैक्षिक सामाग्री तथा प्रयोगशालामा प्रयोग हुने अन्य सामाग्री आयात गर्दा लाग्ने भन्सार महसुल,

(घ) प्रचलित कानून बमोजिम लगाइएका कर, दस्तुर, महसुल वा शुल्क आंशिक वा पूर्ण रुपमा छुट ।

(३) उपदफा (७) पछि देहायको उपदफा (८), (९) र (१०) थपी उपदफाक्रम मिलाउनेः-

“(८) यो ऐन प्रारम्भ हुनुभन्दा अघि विद्यालयको स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखतसम्म सञ्चालनमा नआएका विद्यालयको अनुमति स्वतः खारेज हुनेछ ।“

(९) निजी लगानीका विद्यालय सञ्चालन गर्दा लोककल्याणकारी र सेवामूलक रुपमा सञ्चालन गर्नुपर्नेछ ।

(१०) निजी लगानीका विद्यालय क्रमशः गैरमुनाफामूलक बनाउदै लगिनेछ।"

६. विधेयकको दफा ५ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउने:-

"(२) उपदफा (१) बमोजिमको विद्यालय स्थापना र सञ्चालन सम्बन्धी राष्ट्रिय मापदण्डमा देहायका विषयहरु समावेश हुनुपर्नेछ:-

(क) विद्यालयको नाममा वा भोगचलनको अधिकार भएको जग्गा जमिन,

(ख) वातावरणमैत्री, बालमैत्री र अपाङ्गतामैत्री विद्यालय भवन तथा पूर्वाधार,

(ग) स्वच्छ हावा, प्रकाश, उपयुक्त फर्निचर सहितको कक्षाकोठा,

(घ) छात्र, छात्रा र अपाङ्गतामैत्री अलग अलग शौचालय,

(ङ) सिकाइ केन्द्रित शिक्षण सामग्री तथा पुस्तकालय,

(च) विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याव,

(छ) कक्षागत र विषयगत शिक्षक,

(ज) प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श सेवा,

(झ) सुरक्षित खानेपानी, प्रार्थनास्थल, खेल मैदान,

(ञ) तोकिए बमोजिमका अन्य विषय।"

(२) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने:-

"(४) यो ऐन प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको राष्ट्रिय मापदण्ड पूरा नगरेको भएमा त्यस्तो विद्यालयले यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षभित्र राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्नेछ।"

७. विधेयकको दफा ६ को,-

(१)उपदफा (१) को खण्ड (ग) अन्तमा रहेको पूर्णविराम "(।)" को सट्टा अल्पविराम "(,)" राखी त्यसपछि देहायको खण्ड (घ) थप्ने:-

"(घ) सार्वजनिक विद्यालयको रुपान्तरण गरी वा नगरी विद्यालय शिक्षालाई पहुँचयुक्त र गुणस्तरीय बनाउनको लागि जिल्लागत रुपमा आवासीय वा विशिष्टीकृत विद्यालय"

(२) उपदफा (२) मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरु पछि "वा नेपाल सरकारबाट अनुदान प्राप्त गरी संचालनमा रहेका शहीद प्रतिष्ठान लगायत अन्य संस्थाबाट" भन्ने शब्दहरु राख्ने।

८. विधेयकको दफा ७ मा रहेको "प्राविधिक" भन्ने शब्दको सट्टा "प्राविधिक तथा व्यवसायिक" भन्ने शब्दहरु राखी सोही दफामा रहेको स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राख्ने:

**"स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "परम्परागत शिक्षा" भन्नाले गुरुकुल, आश्रम, मदरसा, गुम्बा (गोन्पा/विहार), मुक्दुम खिं, मुन्दुम खिम, मुन्धुम निसाम हिम तथा रैथाने प्रकृतिका सीप र कला अध्यापन गराउने शैक्षिक संस्थाबाट प्रदान गरिने शिक्षा सम्झनु पर्छ।"

९. विधेयकको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछः-

(क) नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरु नेपाली वा मातृभाषाको माध्यमबाट अध्यापन गराउने,

(ख) अपाङ्गता भएका बालबालिकाको लागि अपाङ्गताको प्रकृति अनुसार उपयुक्त माध्यम वा भाषामा अध्यापन गराउने ।"

१०. विधेयकको दफा ९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने

"(१) यस ऐन बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले विद्यालय स्थापनाको अनुमतिको लागि निवेदन दिनु अगावै गुठी दर्ता गर्ने निकायमा गुठीको संस्थापनापत्र दर्ता गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "गुठीको विधानमा कम्तीमा देहायका विषय" भन्ने शब्दहरुको सट्टा "गुठीको संस्थापनापत्रमा गुठी दर्ता गर्दा प्रचलित कानूनमा व्यवस्था भएका विषयको अतिरिक्त देहायका विषय समेत" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (क) मा रहेका "सञ्चालक समिति (बोर्ड अफ ट्रष्टी)" भन्ने शब्दहरु झिक्ने ।

११. विधेयकको दफा १० को,-

(१) उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।

(२) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२)" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राख्ने।

(४) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राख्ने ।

१२. विधेयकको दफा १२ को सट्टा देहायको दफा १२ राख्नेः-

"१२. **विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः**

(१) स्थानीय तहले देहायको अवस्था विद्यमान भएमा आफ्नो क्षेत्रभित्रका सार्वजनिक विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्न सक्नेछः-

(क) भौगोलिक अवस्था र जनसङ्ख्याको अवस्थिति समेतको आधारमा तयार गरिएको विद्यालय नक्साङ्कन प्रतिवेदनमा विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्न उपयुक्त हुने सिफारिस भएमा,

(ख) तह अनुसारको कक्षामा तोकिए बमोजिमको कक्षागत विद्यार्थी संख्या नभएमा,

(ग) दुई विद्यालय बीचको दुरी आधारभूत तहको हकमा दुई किलोमिटर वा तीस मिनेटको पैदलदूरी भन्दा कम भएमा र माध्यमिक विद्यालयको हकमा पाँच किलोमिटर वा एक घण्टाको पैदलदुरी भन्दा कम भएमा,

(घ) विद्यालय वा विद्यालयको कुनै कक्षा वा तह सञ्चालन गर्नको लागि तोकिए बमोजिमको न्यूनतम पूर्वाधार पूरा नभएमा,

(ङ) सार्वजनिक विद्यालयहरुलाई एक आपसमा गाभी ठूला विद्यालय वा आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न उपयुक्त हुने देखिएमा,

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि “ठूला विद्यालय” भन्नाले दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत विद्यालय सम्झनुपर्छ ।

(च) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले सार्वजनिक विद्यालयको कार्य सम्पादन परीक्षण गर्दा विद्यालय गाभ्न, कक्षा वा तह घटाउन, समायोजन वा एकीकरण गर्न सिफारिस गरेमा।

(२) उपदफा (१) बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने निर्णय गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थीको अध्ययनमा असर नपर्ने गरी र भौगोलिक विकटतालाई समेत विचार गरी निर्णय गर्नु पर्नेछ।

(३) तोकिएको अनुपातमा विद्यार्थी संख्या भए तापनि नजिक रहेका दुई विद्यालयमध्ये कुनै एकमा आधारभूत तह र अर्कोमा माध्यमिक तह मात्र सञ्चालन गर्ने गरी प्रबन्ध गर्न सकिनेछ ।

(४) विद्यालयको नामकरण वा नाम परिवर्तन गर्दा नेपालको प्राकृतिक, सांस्कृतिक स्थान, ख्यातिप्राप्त व्यक्ति वा स्मारकको नाम झल्कने गरी राख्नु पर्नेछ।

तर ऐतिहासिक व्यक्ति, स्मारक तथा राष्ट्रिय प्राकृतिक सम्पदाको नाममा नामकरण भएका विद्यालयको नाम परिवर्तन गरिनेछैन।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका कुनै विद्यालयको विदेशी व्यक्ति, संस्था, स्थान वा विदेशीपन झल्कने गरी नामकरण गरिएको भएमा त्यस्तो विद्यालयले नेपालीपन झल्कनेगरी विद्यालयको नाम परिवर्तन गर्न सक्नेछ ।

(६) उपदफा (१) को खण्ड (क) बमोजिमको नक्साङ्कन प्रतिवेदन तथा खण्ड (च) बमोजिमको सार्वजनिक विद्यालय स्थानान्तरण वा गाभ्ने गरी सिफारिस प्राप्त हुँदासमेत सम्बन्धित स्थानीय तहले सो सम्बन्धी कारवाही अगाडि नबढाएमा नेपाल सरकारले अनुदान रोक्का गर्न, घटाउन वा बन्द गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिम भए गरेको काम कारबाहीको जानकारी स्थानीय तहले राष्ट्रिय किताबखाना, प्रदेश सरकारको शिक्षा हेर्ने निकाय र मानव स्रोत तथा विकास केन्द्रलाई दिनु पर्नेछ।

(८) यस दफा बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने सम्बन्धी अन्य व्यवस्था यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

१३. विधेयकको दफा १४ को,-

(१) उपदफा (५) मा रहेको "व्यक्तिको" भन्ने शब्दको सट्टा "व्यक्ति, संस्था वा निकायको" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थप्नेः-

"(८) प्रत्येक सार्वजनिक विद्यालयले चल अचल सम्पत्तिको अभिलेख तोकिए बमोजिमको ढाँचामा एकीकृत र अद्यावधिक गरी राख्नुपर्नेछ ।

(९) मन्त्रालयले सार्वजनिक विद्यालयको अचल सम्पत्तिको एकीकृत अभिलेख राख्ने प्रयोजनको लागि विद्युतीय अभिलेख प्रणालीको विकास गर्नेछ र त्यस्तो प्रणालीमा सार्वजनिक विद्यालयले उपदफा (८) बमोजिमको सम्पत्तिको विवरण प्रविष्ट गरी अद्यावधिक गर्नुपर्नेछ ।"

१४. विधेयकको दफा १५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) सार्वजनिक विद्यालय बाहेकका विद्यालयले विद्यालयको स्तर तथा शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र शुल्क लिन सक्नेछ ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप गर्नेः-

"(३) उपदफा (२) बमोजिम सार्वजनिक विद्यालय बाहेकका विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अघि विद्यालयले लिने शुल्क सार्वजनिक गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम शुल्क सार्वजनिक नगर्ने विद्यालयलाई सम्बन्धित स्थानीय तहले सात दिनभित्र सार्वजनिक गर्न निर्देशन दिनेछ र सम्बन्धित विद्यालयले त्यस्तो निर्देशनको पालना गर्नुपर्नेछ।

(५) सम्बन्धित स्थानीय तहले शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको कार्यान्वयनको अवस्थाको अनुगमन गर्नेछ।"

**१५. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राख्नेः-**

"१६. **प्रधानाध्यापकः** (१) प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापकको नियुक्तिको लागि आयोगले प्रत्येक शैक्षिक सत्रमा माग हुन आउने प्रधानाध्यापकको संख्याको आधारमा यस ऐन

बमोजिम योग्यता भएका र बढुवाका लागि योग्यता पुगेका आधारभूत तह र माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट शैक्षिक र प्रशासकीय जिम्मेवारी लिन योग्य व्यक्तिको प्रतिस्पर्धाका आधारमा छनौट गरी आधारभूत विद्यालयको हकमा जिल्लागत र माध्यमिक विद्यालयको हकमा प्रदेशगत सूची तयार गर्नेछ ।

(३) सार्वजनिक विद्यालयमा प्रधानाध्यापक रिक्त भएमा उपदफा (२) बमोजिमको सूचीमध्येबाट विद्यालयमा अध्यापन गराउनुपर्ने विषय मिल्दो स्थायी शिक्षकलाई सिफारिस गर्न स्थानीय तहको शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय तहको प्रमुखले तोकेको एकजना शिक्षाविद् र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले तोकेको समितिको सदस्य रहेको सिफारिस समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको समितिले सिफारिस गरेको स्थायी शिक्षकलाई सम्बन्धित स्थानीय तहले प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ।

तर सिफारिस भएको शिक्षक विद्यालय रहेको स्थानीय तहभन्दा वाहिरको विद्यालयमा कार्यरत भएमा दफा ६२ बमोजिम सरुवा हुने विद्यालयको रिक्त दरबन्दीमा सरूवा भई पदस्थापना भएपछि मात्र प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रधानाध्यापक पदमा नियुक्त भएपछि सम्बन्धित स्थानीय तहले निजसँग शैक्षिक गुणस्तर सुधार कार्ययोजना पेश गर्न लगाई कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(६) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजक भएमा अर्को एक कार्यकालको लागि पुनः नियुक्ति गर्न सकिनेछ ।

(७) उपदफा (६) बमोजिम प्रधानाध्यापकको पदावधि समाप्त भएपछि निज सोही विद्यालयको शिक्षक पदमा स्वतः कायम हुनेछ ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत प्रधानाध्यापक निजको नियुक्ति हुँदा तोकिएको अवधिसम्म कामकाज गर्न यस दफाले वाधा पुऱ्याएको मानिनेछैन।

(९) उपदफा (६) बमोजिम प्रधानाध्यापक पुनः नियुक्ति हुन नसकेमा वा विद्यालयमा दरवन्दी रिक्त नभएको कारणले वा अन्य कुनै कारणले प्रधानाध्यापकको नियुक्ति हुन नसकेको वा नियुक्ति भएको प्रधानाध्यापक विद्यालयमा अनुपस्थित रहेको अवस्थामा विद्यालयमा भएका सबैभन्दा वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई दैनिक कामकाज गर्नेछ।

(१०) उपदफा (९) बमोजिम प्रधानाध्यापक रिक्त भएमा बढीमा छ महिनाभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ।

(११) यस दफा बमोजिम कार्यसम्पादन सम्झौता गरेका प्रधानाध्यापकले त्यस्तो सम्झौता बमोजिम काम नगरेमा वा खराव आचरणको विषयमा छानविन गर्नुपर्ने देखिएमा स्थानीय तहले एक छानविन समिति गठन गर्न सक्नेछ र उक्त समितिले दिएको प्रतिवेदनको आधारमा निजलाई प्रधानाध्यापकको जिम्मेवारीवाट हटाउन सकिनेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्यार्थी संख्या, विद्यालयको तह र अन्य आवश्यकता हेरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह आफैंले दायित्व वहन गर्ने गरी कुनै विद्यालयको लागि प्रधानाध्यापकको छुट्टै दरवन्दी सिर्जना गरेमा त्यस्तो दरबन्दीमा आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ।

(१३) प्रधानाध्यापकको छनौट, नियुक्ति तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१६. **विधेयकको दफा १६ पछि देहायको दफा १७ थपी दफाक्रम मिलाउनेः**

"**१७. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नियमित विद्यालय सञ्चालन गरी विद्यार्थीको पठनपाठनको सुनिश्चितता गर्ने, गराउने,

(ख) विद्यालयको स्वीकृत शैक्षिक क्यालेण्डरको आधारमा विद्यार्थी भर्ना, परीक्षा र नतिजा प्रकाशन सम्बन्धी काम गर्ने, गराउने,

(ग) विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(घ) शैक्षिक तथ्याङ्क नियमित रूपमा भर्ने, भराउने,

(ङ) शिक्षकको कक्षा निरीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्ने,

(च) शिक्षण सिकाई क्रियाकलापलाई बालमैत्री बनाउने,

(छ) विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी सिकाइ उपलब्धीको विवरण राख्ने व्यवस्था मिलाउने,

(ज) विद्यार्थीको कक्षागत र विषयगत सिकाइ उपलब्धीको विश्लेषण गरी सो को प्रतिवेदन स्थानीय तहमा पेश गर्ने,

(झ) शिक्षक तथा विद्यार्थीको आचार संहिता बनाई लागू गर्ने,

(ञ) विद्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(ट) विद्यालयको बेरूजु फर्स्योट सम्बन्धी कार्य गर्ने,

(ठ) गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ड) विद्यालयका चल अचल सम्पति, शिक्षक विद्यार्थी लगायतका अभिलेख सुरक्षित रूपमा राख्ने र राख्न लगाउने।"

१७. विधेयकको दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) विद्यालयमा अध्ययनरत विद्यार्थीको अविभावकको संयोजकत्वमा सम्बन्धित वडा समितिले तोकेको एक जना वडा सदस्य, सम्बन्धित विद्यालयमा अध्यापन गर्ने एक जना शिक्षक प्रतिनिधि तथा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी वा चन्दादाताको समेत प्रतिनिधित्व रहने गरी कम्तीमा दुई जना महिला सहित

समावेशी सिद्धान्तको आधारमा स्थानीय तहले आधारभूत तहको विद्यालयमा बढीमा सात जना र माध्यमिक विद्यालयमा बढीमा एघार जना रहेको एक विद्यालय व्यवस्थापन समिति गठन गर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः

"(२) उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले सदस्य-सचिव भई कार्य गर्नेछ ।

(३) उपदफा (२) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (३) मा रहेको "विधानमा" भन्ने शब्दको सट्टा "संस्थापनापत्रमा" भन्ने शब्द राख्ने ।

(४) उपदफा (२) दफाक्रम मिलाउदा कायम हुने उपदफा (३) पछि देहायको उपदफा (४) थपी उपदफाक्रम मिलाउनेः

"(४) सार्वजनिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि आवश्यक स्रोत साधनको प्रबन्ध गर्ने,

(ख) विद्यालयको शिक्षण सिकाई तथा शैक्षिक उपलब्धि हासिल गर्न आवश्यक योजना, बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(ग) विद्यालयमा सामुदायिक सहभागिता अभिवृद्धि गरी स्वच्छ शैक्षिक वातावरण कायम गर्ने,

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक क्षेत्रको सुधारको लागि अनुगमन गरी प्रधानाध्यापकलाई मार्गदर्शन गर्ने,

(ङ) शिक्षक, विद्यार्थी, अभिभावक, अन्य विद्यालय र स्थानीय तहसँग समन्वय गर्ने,

(च) विद्यालय सुधार योजना स्वीकृत गर्ने,

(छ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अभिलेख व्यवस्थित र पारदर्शी रुपमा अद्यावधिक गर्न लगाउने,

(ज) विद्यालयको सामाजिक परीक्षण गराउने ।

(५) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नेः-

"(५) सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन, जिम्मेवारी तथा अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।"

१८. विधेयकको दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा १९ को दफा शीर्षकपछि रहेको कोष्ठभित्रको "(१)" अंक झिकी सोही दफाको "उपदफा (२)" झिक्ने ।

१९. विधेयकको दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २१ को,

(१) उपदफा (१) मा रहेका "अधीनमा रही" भन्ने शब्दहरु पछि "बालबालिकामा सिकाईप्रति उत्सुकता र सकारात्मक सोचको विकास गर्न" भन्ने शब्दहरु थप्ने।

(२) उपदफा (२) मा रहेका "एक भन्दा बढी नहुने गरी" भन्ने शब्दहरुको सट्टामा "कम्तीमा एउटा रहने गरी" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३), (४), (५) र (६) थपी उपदफाक्रम मिलाउनेः-

"(३) स्रोत सुनिश्चित गरी नेपाल सरकारले तोकेको मितिदेखि सार्वजनिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा दुई वर्षको हुनेगरी सञ्चालन गर्न सकिनेछ।

(४) कुनै पनि विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षालाई दुई वर्षभन्दा बढी अवधि हुनेगरी सञ्चालन गर्न पाउने छैन ।

(५) यो ऐन प्रारम्भ भएपछि बाल विकास सहजकर्ताको रुपमा नियुक्ति हुन कम्तीमा कक्षा बाह्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(६) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने बाल विकास सहजकर्ताले सेवा प्रारम्भ गर्नुअघि स्थानीय कानूनमा व्यवस्था भए बमोजिम सेवा प्रवेश तालिम लिनु पर्नेछ।"

(४) उपदफा (३) र (४) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (७) र (८) को सट्टा देहायको उपदफा (८) र (९) राख्नेः-

"(७) प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताको पारिश्रमिक, सेवा शर्त र सुविधा स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(८) उपदफा (७) बमोजिम कानून बनाउदा श्रम सम्बन्धी प्रचलित संघीय कानूनले निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा सुविधाभन्दा कम नहुने गरी बनाउनु पर्नेछ।"

(५) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्नेः-

"(९) यो ऐन र प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक बालविकास तथा शिक्षा नलिएका बालबालिकालाई कक्षा एकमा भर्ना लिनबाट बञ्चित गर्न पाइनेछैन।"

२०. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को सट्टा देहायको दफा २२ राख्नेः-

"२२. <u>**शिक्षा तथा मानवस्रोत विकास केन्द्रः**</u> (१) विद्यालय शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न, प्रदेशको शिक्षा हेर्ने निकाय तथा स्थानीय तहसँग विद्यालय शिक्षाको सम्बन्धमा समन्वय तथा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र रहनेछ।

(२) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको प्रमुख महानिर्देशक रहनेछ।

(३) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शिक्षा तथा मानवस्रोत विकास केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(ख) विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्कको संकलन र व्यवस्थापन गर्ने,

(ग) शिक्षक तथा शिक्षा सेवाका कर्मचारीको तालीम तथा पेशागत विकासका लागि प्रदेश सरकारको शिक्षा हेर्ने निकायसँग समन्वय गरी पाठ्यक्रम निर्माण लगायतका कार्य गर्ने,

(घ) प्रदेश र स्थानीय तहबाट विद्यालय शिक्षा सम्बन्धी योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने,

(ङ) सशर्त अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट सञ्चालित वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा र कार्यान्वयनको एकीकृत प्रतिवेदन तयार गर्ने,

(च) विद्यालय शिक्षाका सम्बन्धमा प्रदेशको शिक्षा हेर्ने निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।"

२१. विधेयकको दफा २२ दफाक्रम मिलाउँदा कायम हुने दफा २३ को सट्टा देहायको दफा २३ राख्नेः

२३. <u>**शिक्षा विकास तथा समन्वय इकाई:**</u> (१) प्रत्येक जिल्लामा प्रदेश सरकारले तोकेको शिक्षा सम्बन्धी काम समेत गर्ने गरी शिक्षा विकास तथा समन्वय इकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा विकास तथा समन्वय इकाईको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सम्वन्धित निकायसँग समन्वय गर्ने,

(ख) विद्यालय नक्साङ्कन सम्बन्धी काममा सहयोग गर्ने,

(ग) विद्यार्थीको सिकाइ उपलब्धीको मूल्याङ्कन सम्बन्धी कार्यको सहजीकरण गर्ने,

(घ) जिल्लाको शैक्षिक तथ्याङ्क सङ्कलन गर्ने,

(ङ) सार्वजनिक विद्यालयको सम्पत्तिको एकीकृत अभिलेख राख्ने,

(च) परीक्षामा विद्यार्थीले प्राप्त गरेको नतिजाको आधारमा उत्कृष्ट देखिएका शिक्षक तथा विद्यालयलाई पुरस्कार तथा प्रोत्साहन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(छ) सम्बन्धित जिल्लाका स्थानीय तहसँग शिक्षा सम्बन्धी विषयमा समन्वय गर्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार, बोर्ड र आयोगले तोकेका अन्य कार्य गर्ने।

(३) उपदफा (२) बमोजिमको काम कारबाही गर्दा शिक्षा विकास तथा समन्वय इकाईले प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रदेश सरकारले तोकेको कार्यका सम्बन्धमा सम्बन्धित प्रदेश सरकारप्रति जवाफदेही हुनुपर्नेछ ।

२२. विधेयकको दफा २३ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउनेः-

"(ख) सदस्य, शिक्षा हेर्ने राष्ट्रिय योजना आयोग - सदस्य"

(ख) खण्ड (ग) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखी खण्डक्रम मिलाउनेः-

"(घ) अध्यक्ष, बोर्ड - सदस्य"

(ग) खण्ड (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) मा रहेका "शिक्षा विभाग" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा मानवस्रोत विकास केन्द्र" भन्ने शब्दहरु राख्ने।

(घ) खण्ड (ङ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (च) मा रहेको "केन्द्र" भन्ने शब्दको सट्टा "प्राधिकरण" भन्ने शब्द राख्ने।

(ङ) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) झिक्ने ।

(च) खण्ड (ज) मा रहेका "शिक्षा शास्त्र संकायका" भन्ने शब्दहरु झिक्ने।

(छ) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नेः-

"(ञ) पाठ्यक्रम विज्ञहरुमध्येबाट शिक्षाका विभिन्न धार र विषयको प्रतिनिधित्व हुनेगरी दुई जना महिला सहित समावेशी सिद्धान्तको आधारमा मन्त्रालयले मनोनीत गरेका पाँच जना - सदस्य"

(२) उपदफा (४) मा रहेका "पदीय जिम्मेवारी पूरा नगरेमा" भन्ने शब्दहरु पछि "वा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (६) पछि देहायको उपदफा (७) राखी उपदफाक्रम मिलाउनेः

"(७) अध्यक्षले पाठ्यक्रमको सान्दर्भिकता, गुणस्तर तथा परीक्षा प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय पाठ्यक्रम परिषद्को बैठकमा बोर्डका अन्य सदस्यलाई समेत आमन्त्रण गर्न सक्नेछ।"

२३. दफा २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २५ सट्टा देहायको दफा २५ राख्नेः

"२५. **राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकारः** (१) राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय तहमा अध्यापन हुने कक्षागत तथा प्राविधिक विषयसँग सम्बन्धित सक्षमता पहिचान गर्ने,

(ख) विद्यालयमा लागू गरिने राष्ट्रिय पाठ्यक्रम प्रारुप, पाठ्यक्रम तथा पाठ्यसामग्री स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने,

(ग) पाठ्यपुस्तक तथा पाठ्यसामग्री लेखनको लागि लेखक तथा विज्ञ छनोट सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(घ) पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माणको लागि विषयगत समिति वा उपसमिति गठन गर्ने र त्यस्ता समिति वा उपसमितिहरुको काम कारवाहीको अनुगमन गर्ने, गराउने,

(ङ) विद्यार्थीको उमेर, सिकाइ क्षमता, रूची र शैक्षिक सत्रमा पठनपाठन हुने समय (क्रेडिट आवर) लाई समेत विचार गरी तहगत, विषयगत, कक्षागत दृष्टिकोणले सामञ्जस्यता र सन्तुलन कायम हुनेगरी पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास गर्ने, गराउने,

(च) कृषि, पर्यटन, उद्यमशीलता, सूचना प्रविधि, खेलकूद, सङ्गीत, योग शिक्षा, वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, सामाजिक न्याय, मानव अधिकार,

आधारभूत जनस्वास्थ्य, नागरिक शिक्षा, शासन प्रणाली तथा परिवर्तित सन्दर्भ समेतका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण तथा सुधार गर्ने,

(छ) व्यावसायिक, व्यवहारिक, जीवन उपयोगी, सदाचार, नैतिक तथा सामाजिक मूल्य मान्यतामा आधारित र सिपमूलक विषयवस्तु पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा समावेश हुने व्यवस्था मिलाउने,

(ज) स्थानीय पाठ्यक्रम विकास गर्दा परम्परागत तथा रैथाने सीपलाई समेत प्राथमिकता दिई समावेश गर्ने व्यवस्था मिलाउने,

(झ) पाठ्यक्रमको विकास तथा त्यसको गुणस्तरको सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले पेश गरेको विद्यालयको कार्यसम्पादन स्तरको प्रतिवेदन र सिकाइ उपलब्धी परीक्षण प्रतिवेदन समेतका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सामान्यतया प्रत्येक पाँच वर्षमा पुनरावलोकन र दश वर्षमा पुनर्लेखन गरिनेछ।"

२४. दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २७ को सट्टा देहायको दफा २७ राखेः-

"२७. **<u>शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण</u>**ः (१) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक निर्धारण, मापदण्डको विकास, विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धी परीक्षण तथा विद्यालय शिक्षासँग सम्बन्धित निकाय र विद्यालयको कार्यसम्पादन परीक्षण गर्न एक शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राधिकरणमा नेपाल सरकारले नियुक्त गरेको एक जना प्रमुख शिक्षा परीक्षक रहनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा लोक सेवा आयोगले तोकेको लोक सेवा आयोगको एक जना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ र सो समितिले उपदफा (५) बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट प्रमुख शिक्षा परीक्षकको लागि उपयुक्त व्यक्तिको सिफारिस गर्नेछ ।

(४) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको छनौट सम्बन्धी अन्य कार्यविधि सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नगारिक,

(ख) पैतिस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि मान्यताप्राप्त विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि प्राप्त गरेको र परीक्षा तथा मूल्याङ्कन वा शिक्षा प्रशासनको क्षेत्रमा कम्तीमा दश वर्षको प्राध्यापन वा कार्य अनुभव भएको,

(घ) सार्वजनिक पदमा नियुक्तिका लागि प्रचलित कानून बमोजिम अयोग्य नरहेको,

(ङ) स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा सोको लागि आवेदन नगरेको ।

(६) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको पदावधि चार बर्षको हुनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख शिक्षा परीक्षकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) देहायको व्यक्ति प्रमुख शिक्षा परीक्षकको पदमा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन योग्य मानिने छैनः-

(क) उपदफा (४) बमोजिमको योग्यता नरहेको,

(ख) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) नियुक्ति हुँदाका बखत कुनै विद्यालयको शिक्षक वा कुनै विश्वविद्यालयको अध्यापकको रुपमा कार्यरत रहेको वा कुनै सरकारी पदमा बहाल रहेको,

(घ) कुनै मुलुकको आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन गरेको,

(ङ) उपदफा (७) बमोजिम हटाइएमा,

(च) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि योग्य नरहेको।

(९) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको पारिश्रमिक, शर्त र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(१०) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणमा आवश्यक कर्मचारी मन्त्रालयले खटाउनेछ।"

२५. विधेयकको दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २७ पछि देहायको दफा २८ थपी दफाक्रम मिलाउनेः-

"२८. **शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको काम, कर्तव्य, अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक गुणस्तर परीक्षणको मानक तथा मापदण्ड स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) विद्यालय शिक्षाको पाठ्यक्रमको संरचना र त्यसका अपेक्षित सक्षमतालाई आधार मानी आवधिक रूपमा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धी परीक्षण गर्ने,

(ग) विद्यालय तथा अन्य शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण गर्ने,

(घ) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा समावेश भएका विषयवस्तु व्यावसायिक, व्यावहारिक, जीवन उपयोगी, नैतिक मूल्य मान्यतामा आधारित र सिपमूलक भए नभएको परीक्षण गर्ने, गराउने

(ङ) विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(च) विद्यालय शिक्षाको गुणस्तर परीक्षणका लागि प्रचलित कानूनको अधीनमा रही विज्ञको सेवा लिन सक्ने,

(छ) प्राधिकरणले सम्पादन गरेका कार्य समेटी तयार गरिएको वार्षिक प्रतिवदेन मन्त्रालयमा पेश गर्ने ।

(२) मन्त्रालयले विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले दिएको उपदफा (१) को खण्ड (छ) बमोजिमको वार्षिक प्रतिवेदन समेतलाई आधार मान्नु पर्नेछ।"

२६. विधेयकको दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २९ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२), (३) र (४) थपी उपदफाक्रम मिलाउनेः

(२) कक्षा दशको अन्तिममा लिइने माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रदेश सरकारबाट सञ्चालन हुनेछ।

(३) उपदफा (२) बमोजिमको परीक्षा सञ्चालन गर्दा बोर्डसँग समन्वय गर्नुपर्नेछ ।

(४) माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

तर प्रदेश कानून नबनेसम्म यसै ऐन बमोजिम प्रदेश सरकारले परीक्षा सञ्चालन गर्न बाधा परेको मानिनेछैन ।

(२) उपदफा (२) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (५) मा रहेका "मूल विषयको प्रश्नपत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको" भन्ने शब्दहरु झिक्ने ।

२७. विधेयकको दफा २८ दफाक्रम मिलाउँदा कायम हुने दफा ३० को सट्टा देहायको दफा ३० राखे:-

"**३०. <u>बोर्डको गठनः</u>** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तरको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परीक्षा बोर्ड रहनेछ।

(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति - अध्यक्ष

(ख) सहसचिव (विद्यालय शिक्षा हेर्ने), मन्त्रालय - सदस्य

(ग) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य

(घ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ङ) सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य

(च) माध्यमिक तहको विशिष्ठ श्रेणीको शिक्षक वा उच्च शिक्षाको प्राध्यापन क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको व्यक्ति वा परीक्षा र मूल्याङ्कन सम्बन्धी कार्यमा विशेषज्ञता हासिल गरेको व्यक्ति मध्येबाट विषयगत प्रतिनिधित्व हुनेगरी समावेशी सिद्धान्तका आधारमा बोर्डले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(छ) माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट बोर्डले मनोनित गरेका कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(ज) बोर्डको वरिष्ठतम् अधिकृत - सदस्य सचिव

(३) बोर्डको अध्यक्षको नियुक्तिको लागि लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा लोक सेवा आयोगले तोकेको लोक सेवा आयोगको एक जना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (६) बमोजिमको योग्यता भएका व्यक्तिमध्येबाट उपयुक्त व्यक्ति बोर्डको अध्यक्षको पदको लागि सिफारिस गर्नेछ । त्यसरी सिफारिस भई आएका व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ।

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले उम्मेदवार छनौट गर्दा अवलम्बन गर्ने कार्यविधि सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) अध्यक्ष पदमा नियुक्तिका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको ,

(ग) शिक्षा प्रशासन वा परीक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(घ) पैंतिस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ङ) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको र

(च) स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन नगरेको ।

(७) बोर्डको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा उपदफा (५) को अधिनमा रही अर्को एक कार्यकालको लागि पुनः नियुक्ति वा मनोनयन हुन सक्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा परीक्षाको मर्यादा विपरित कार्य गरेमा अध्यक्षको हकमा नेपाल सरकारले र मनोनीत सदस्यको हकमा बोर्डले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(९) बोर्डको अध्यक्ष निलम्वनमा परेमा वा कुनै कारणले निजको पद रिक्त भएमा नेपाल सरकारले त्यस्तो अवधिको लागि बोर्डको कामकारवाही सुचारु गर्न मन्त्रालयको सचिवलाई बोर्डको अध्यक्षको रुपमा तोक्न सक्नेछ र निजले यस ऐन बमोजिम अध्यक्षलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ।

(१०) उपदफा (७) बमोजिमको पदावधि समाप्त भएमा वा अन्य कुनै कारणले अध्यक्षको पद रिक्त भएमा तीन महिनाभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी अध्यक्ष नियुक्ति गर्नुपर्नेछ।

(११) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको बोर्डको अध्यक्ष र सदस्य यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ र निज नियुक्ति हुँदाका बखत तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।

(१२) बोर्डको सदस्य सचिवको पदावधि पाँच वर्षको हुनेछ ।"

२८. विधेयकको दफा ३० दफाक्रम मिलाउँदा कायम हुने दफा ३२ को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्ेः-

"(ङ) परीक्षाको लागि चाहिने नमूना प्रश्नपत्र निर्माण गर्ने, प्रमाणीकरण मापदण्ड तयार गर्ने, परीक्षा साधन (टेष्ट आईटम) निर्माण र स्तरीकरण गर्ने।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ) र (ज) थपी खण्डक्रम मिलाउनेः-

(च) अपाङ्गता भएका विद्यार्थीका लागि अपाङ्गताको प्रकृति अनुसार विशेष किसिमको परीक्षा प्रणाली अवलम्बन गर्ने,

(छ) तोकिए बमोजिमको विशेष परिस्थिति परी परीक्षाबाट बञ्चित हुने विद्यार्थीको लागि उपयुक्त व्यवस्था मिलाउने,

(ज) परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित बनाउन क्यालेण्डर प्रणाली लागू गर्ने,

२९. विधेयकको दफा ३२ दफाक्रम मिलाउँदा कायम हुने दफा ३४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः

"(२) बोर्डको सदस्य सचिव प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजले परीक्षा नियन्त्रकको समेत काम गर्नेछ ।"

३०. विधेयकको दफा ३३ दफाक्रम मिलाउँदा कायम हुने दफा ३५ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपी उपदफाक्रम मिलाउने

"(४) यो ऐन प्रारम्भ हुँदाका बखत बोर्डमा तीन वर्षदेखि अविच्छिन्न रुपमा अस्थायी, करार वा ज्यालादारीमा कार्यरत रहेको र न्युनतम शैक्षिक योग्यता भएको कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि पहिलो पटक स्थायी सेवाको लागि हुने विज्ञापनमा खुल्लातर्फ उम्मेदवार हुन उमेर हद लाग्नेछैन।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत बोर्डको स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी, करार वा ज्यालादारीका कर्मचारी सेवाबाट अलग हुँदा तोकिए बमोजिमको सुविधा पाउनेछन्।"

३१. विधेयकको दफा ३४ दफाक्रम मिलाउँदा कायम हुने दफा ३६ को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेको "रजिष्ट्रेशन" भन्ने शब्दको सट्टा "प्रमाणपत्र दस्तुर" भन्ने शब्द राख्ने ।

(२) खण्ड (घ) मा रहेका "व्यक्ति वा" भन्ने शब्दहरुको सट्टा "संघ" भन्ने शब्द राख्ने।

३२. विधेयकको दफा ३५ दफाक्रम मिलाउँदा कायम हुने दफा ३७ को दफा शीर्षकपछि "(१)" राखी देहायको उपदफा (२) थप्नेः-

"(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको विवरण बोर्डले विद्युतीय प्रणालीमा समेत राख्नुपर्नेछ।"

३३. विधेयकको दफा ३८ दफाक्रम मिलाउँदा कायम हुने दफा ४० को सट्टा देहायको दफा ४० राख्नेः-

"**४०. <u>वार्षिक प्रतिवेदन पेस गर्नेः</u>** (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरण संलग्न गर्नुपर्नेछः

(क) सिकाई उपलब्धीको अवस्था खुल्नेगरी राष्ट्रिय, प्रादेशिक, स्थानीय तहमा विषयगत नतिजाको अवस्था र पछिल्लो तीन वर्षको तुलनात्मक विवरण,

(ख) माध्यमिक तहको अन्तिम परीक्षामा संलग्न परीक्षार्थी र उत्तीर्ण परीक्षार्थीको संख्यात्मक विवरण,

(ग) परीक्षाको मर्यादा विपरीत भएको कारवाहीको विवरण,

(घ) बोर्डले वर्षभरी गरेका मुख्य मुख्य कार्यको विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले संघीय संसदको दुवै सदनको शिक्षा हेर्ने समितिमा पेश गर्नुपर्नेछ ।

३४. विधेयकको दफा ३९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४१ को,-

(१) उपदफा (३) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः

"(क) कक्षा तीनसम्म अध्यापन गर्ने शिक्षकलाई कक्षागत, र"

(ख) खण्ड (ख) मा रहेका "कक्षा ८" भन्ने शब्द र अंकहरुको सट्टा "कक्षा चार" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थप गर्नेः-

"(४) यो ऐन प्रारम्भ हुँदाका बखत प्राथमिक शिक्षकको रुपमा कार्यरत शिक्षकले कक्षा पाँचसम्म अध्यापन गर्न बाधा पर्नेछैन ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कक्षागत शिक्षकले विद्यालयको आवश्यकताका आधारमा बहुकक्षा शिक्षण समेत गर्नुपर्नेछ ।"

(६) यो ऐन प्रारम्भ हुँदाका बखत प्राथमिक शिक्षकको रुपमा कार्यरत शिक्षकलाई तोकिए बमोजिम मन्त्रालयले कक्षागत वा विषयगत शिक्षकको रुपमा रुपान्तरण गर्न सक्नेछ।"

३५. विधेयकको दफा ४० दफाक्रम मिलाउँदा कायम हुने दफा ४२ को उपदफा (१) मा रहेको "साधारण" भन्ने शब्दको सट्टा "कक्षागत" भन्ने शब्द राख्ने ।

३६. विधेयकको दफा ४३ दफाक्रम मिलाउँदा कायम हुने दफा ४५ को,-

(१) दफा शीर्षकको शुरुमा "शिक्षक र" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक र शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, शिक्षक विद्यार्थी अनुपातको राष्ट्रिय औसत, विषयगत तथा कक्षागत आवश्यकता, भौगोलिक अवस्था, लागत विश्लेषण समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्नेछ।"

(३) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः-

"(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान तथा हस्तान्तरण गर्दा सम्बन्धित सार्वजनिक विद्यालयको अध्ययन अध्यापनमा असर नपर्ने गरी रिक्त दरवन्दीमा एक पटकको लागि निजलाई पायक पर्ने प्रदेशमा दरवन्दी मिलान तथा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ ।"

(४) उपदफा (२) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (३) मा रहेको “गर्नेछ ” भन्ने शब्दपछि “र सम्बन्धित स्थानीय तहले त्यस्तो विवरण पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ“ भन्ने वाक्यांश राखे।

(५) उपदफा (३) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखेः-

“(४) उपदफा (३) को अतिरिक्त विद्यालयको नक्साङ्कन गरी सोही आधारमा विद्यालयलाई एकापसमा गाभ्न, तह वा कक्षा घटाउन वा समायोजन गर्न मन्त्रालयले स्थानीय तहलाई लेखी पठाउनेछ। स्थानीय तहले त्यसरी लेखी आएको कार्यमध्ये नक्साङ्कन सम्बन्धी कार्य तीन महिनाभित्र सम्पन्न गरी सोको प्रतिवेदन सहितको विवरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।”

(६) उपदफा (४) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (५) पछि देहायको उपदफा (६) थपी उपदफाक्रम मिलाउनेः-

“(६) उपदफा (१) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका शिक्षकलाई स्थानीय तहले विद्यालयमा पदस्थापना गर्नेछ ।“

३७. विधेयकको दफा ४४ दफाक्रम मिलाउँदा कायम हुने दफा ४६ को सट्टा देहायको दफा ४६ राखेः-

“४६. **विद्यालय शिक्षकको पदपूर्ति**ः (१) विद्यालय शिक्षक सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

(क) आधारभूत तहः कक्षागत तथा विषयगत शिक्षक

| **श्रेणी** | **खुला प्रतियोगिताद्वारा** | **बढुवाद्वारा** | | |
|---|---|---|---|---|
| | | **आन्तरिक प्रतियोगिता** | **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन** | **कार्यक्षमताको मूल्याङ्कन** |
| तृतीय | १०० प्रतिशत | - | - | |
| द्वितीय | - | २० प्रतिशत | ४० प्रतिशत | ४० प्रतिशत |
| प्रथम | - | १० प्रतिशत | ४५ प्रतिशत | ४५ प्रतिशत |

(ख) माध्यमिक तहः विषयगत शिक्षक

| **श्रेणी** | **खुला प्रतियोगिताद्वारा** | **बढुवाद्वारा** | | |
|---|---|---|---|---|
| | | **आन्तरिक प्रतियोगिता** | **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन** | **कार्यक्षमताको मूल्याङ्कन** |
| तृतीय | ८० | २० | - | - |
| द्वितीय | - | २० प्रतिशत | ४० प्रतिशत | ४० प्रतिशत |
| प्रथम | - | १० प्रतिशत | ४५ प्रतिशत | ४५ प्रतिशत |

(२) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) को खण्ड (क) र खण्ड (ख) बमोजिमको पदमा पदपूर्ति गर्ने प्रयोजनको लागि विद्यालयमा कायम रहेको दरबन्दीलाई तृतीय, द्वितीय र प्रथम श्रेणीको श्रेणीगत अनुपात १८:६:१ (अठारः छ:एक) को आधारमा दरबन्दी कायम गरिनेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत द्वितीय र प्रथम श्रेणीमा सो अनुपात भन्दा बढी शिक्षक कार्यरत रहेको भएमा निजहरुको सेवा अवधि बाँकी रहेसम्म सो पदमा रहन यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राहत शिक्षक अनुदान कोटा, विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा र शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि उपदफा (४) बमोजिमको शिक्षक सेवाबाट पहिलो पटक सञ्चालन हुने परीक्षामा भाग लिन उमेरको हद लाग्ने छैन।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४५ को उपदफा (५) बमोजिम कायम भएको दरबन्दी र कक्षा एघार र बाह्रको स्वीकृत दरबन्दी सहित कुल दरबन्दीको साठी प्रतिशत सिटमा यो ऐन प्रारम्भ हुँदाका बखत राहत शिक्षक अनुदान कोटा, विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा, शिक्षण सिकाई अनुदान कोटामा कार्यरत शिक्षक र कक्षा एघार र कक्षा बाह्रको स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी शिक्षकहरु मध्येबाट सीमित प्रतिस्पर्धाको आधारमा र बाँकी चालिस प्रतिशत सिटमा खुला प्रतियोगिताको आधारमा परीक्षा लिई आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ ।

तर यसरी कायम हुने प्राथमिक तहको खुल्लातर्फको चालिस प्रतिशत पद र सिमित प्रतिस्पर्धाका आधारमा पदपूर्ति हुने साठी प्रतिशत पदबाट पदपूर्ति हुन नसकेको त्यस्तो पदलाई दफा ४५ को उपदफा (१) बमोजिमको कूल लागत नबढ्ने गरी दरबन्दी कायम गरी आधारभूत तह विषयगत र माध्यमिक तहमा रुपान्तरण गरी पदपूर्ति गरिनेछ।

(५) उपदफा (४) बमोजिम रुपान्तरण नहुने राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटाका लागि छुट्याइएको साठी प्रतिशत सिटमा सो वर्षको विज्ञापनमा सीमित प्रतिस्पर्धाको आधारमा पदपूर्ति हुन नसकेमा सोही वर्षको खुलातर्फको विज्ञापनबाट पूर्ति गरिनेछ।

(६) उपदफा (४) बमोजिमको सीमित प्रतिस्पर्धामा अनुत्तीर्ण हुने राहत शिक्षक अनुदान कोटा, विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकले निजले गरेको सेवा अवधिको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आर्थिक सुविधा प्राप्त गर्न सक्नेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कक्षा एघार वा बाह्रमा अध्यापन गरिरहेका शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि

आयोगबाट पहिलो पटक लिइने माध्यमिक तहको तृतीय श्रेणीको खुला तर्फको विज्ञापनमा भाग लिन उमेर हद लाग्ने छैन।

(८) उपदफा (७) बमोजिमका शिक्षकले उपदफा (४) बमोजिमको प्रतिस्पर्धामा भाग लिई अध्यापन गरिरहेको तहमा उतीर्ण भएमा निजको तलबमान कायम गर्दा निजले खाईपाई आएको भन्दा कम नहुनेगरी गर्नु पर्नेछ ।

(९) यो ऐन प्रारम्भ हुँदाका बखत यस ऐनमा तोकिए बमोजिमको पदका लागि तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको र कम्तीमा तीन शैक्षिक सत्र अविच्छिन्न रूपमा सेवा गरेका बाल विकास सहजकर्तालाई उपदफा (४) बमोजिमको खुला प्रतियोगिताबाट पूर्ति हुने पदको पहिलो पटकको विज्ञापनमा एक पटकको लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।

(१०) उपदफा (१) को खण्ड (क) बमोजिम आन्तरिक प्रतियोगिताबाट पूर्ति हुने पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको र कम्तिमा एक श्रेणी मुनिको पदमा पाँच बर्ष अध्यापन गरेको स्थायी शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ।

(११) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको र पाँच बर्ष स्थायी सेवा अवधि पुगेको आधारभूत तहमा कार्यरत शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ।

(१२) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तहको द्वितीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र आधारभूत तहको प्रथम श्रेणी वा पाँच बर्ष सेवा अवधि पूरा गरेको आधारभूत तहको द्वितीय श्रेणीको स्थायी शिक्षक र माध्यमिक तहको तृतीय श्रेणीको पदमा कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेको शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ ।

(१३) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र पाँच वर्ष सेवा अवधि पूरा गरेको एक श्रेणी मुनिको विषयगत स्थायी शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ।"

३८. विधेयकको दफा ४५ दफाक्रम मिलाउँदा कायम हुने दफा ४७ को,-

(१) उपदफा (१) मा रहेका "दफा ४४" भन्ने शब्दहरुको सट्टा "दफा ४६" भन्ने शब्दहरु राखे।

(२) उपदफा (२) को खण्ड (च), (छ) र (ज) को सट्टा देहायको खण्ड (च), (छ) र (ज) राखेः-

"(च) मुस्लिम - चार प्रतिशत

(छ) पिछडिएको क्षेत्र - चार प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति - चार प्रतिशित"

(३) उपदफा (३) को खण्ड (च) र (छ) को सट्टा देहायको खण्ड (च) र (छ) राख्नेः-

"(च) मुस्लिम - पाँच प्रतिशत

(छ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत"

(४) उपदफा (४) र (५) सट्टा देहायको उपदफा (४) र (५) राख्नेः-

"(४) उपदफा (२) वा (३) बमोजिमको प्रतिस्पर्धामा कुनै समावेशी समूहको उम्मेदवार सिफारिस हुन नसकी पदपूर्ति हुन नसकेमा त्यसपछि लगत्तै अर्को पटक हुने विज्ञापनमा प्रतिशत निर्धारण गरी विज्ञापन गर्दा त्यस्तो रिक्त दरबन्दी समेत जोडी सोही समूहको विज्ञापनमा समावेश गरिनेछ ।

(५) उपदफा (४) बमोजिम गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यसपछिको पुनः अर्को एक पटकको विज्ञापनमा उक्त रिक्त दरवन्दी समेत समावेश गरी सोही समूहको लागि विज्ञापन गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।"

(५) उपदफा (६) झिकी उपदफाक्रम मिलाउने।

(६) उपदफा (७) रहेका "एक पटक मात्र" भन्ने शब्दहरुको सट्टा "आधारभूत तह र माध्यमिक तहमा एक एक पटक मात्र" भन्ने शब्दहरु राख्ने ।

३९. विधेयकको दफा ४६ दफाक्रम मिलाउँदा कायम हुने दफा ४८ को उपदफा (१) मा रहेको "सिफारिसमा" भन्ने शब्द पछि "स्थायी" भन्ने शब्द थप्ने ।

४०. विधेयकको दफा ४७ दफाक्रम मिलाउँदा कायम हुने दफा ४९ को उपदफा (२) मा रहेको "पर्नेछ" भन्ने शब्दपछि "र सोको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्रदेश सरकारको शिक्षा हेर्ने निकायलाई समेत दिनु पर्नेछ" भन्ने वाक्यांश थप्ने ।

४१. विधेयकको दफा ४८ दफाक्रम मिलाउँदा कायम हुने दफा ५० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिम नियुक्ति भएको शिक्षकलाई सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले पदस्थापना गर्दा आयोगले सिफारिस गरेको योग्यताक्रमको आधारमा रिक्त दरबन्दीमा रोज्न लगाई प्राथमिकताका आधारमा पदस्थापना गर्नु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

(४) आयोगबाट सिफारिस भई आएको व्यक्तिलाई उपदफा (१) बमोजिम सम्बन्धित स्थानीय तहले नियुक्ति नदिएमा त्यस्तो दरवन्दी सम्बन्धित विद्यालयबाट कटौती गरी अर्को कुनै स्थानीय तहमा रहेको विद्यालयमा कायम गर्न सकिनेछ ।"

४२. विधेयकको दफा ४९ दफाक्रम मिलाउँदा कायम हुने दफा ५१ को,-

(१) उपदफा (२) मा रहेका "राष्ट्रिय किताबखाना (शिक्षक)" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय किताबखाना र प्रदेश सरकारको शिक्षा हेर्ने निकाय" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) मा रहेको “(शिक्षक)” भन्ने शब्द झिक्ने।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नेः-

“(६) यस दफा बमोजिमको वैयक्तिक विवरणको अभिलेख विद्युतीय प्रणालीमा समेत राख्न सकिनेछ।”

४३. विधेयकको दफा ५० दफाक्रम मिलाउँदा कायम हुने दफा ५२ को उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेको “साधारण“ भन्ने शब्दको सट्टा “कक्षागत” भन्ने शब्द राख्ने ।

(२) खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (४) झिक्ने ।

(३) खण्ड (ङ) मा रहेका “दफा ५१” भन्ने शब्दहरुको सट्टा “दफा ५३” भन्ने शब्दहरु राख्ने ।

४४. विधेयकको दफा ५१ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ को,-

(१) खण्ड (क) मा रहेका “दफा ५०” भन्ने शब्दहरुको सट्टा “दफा ५२” भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (ग) मा रहेका “आगजनी” भन्ने शब्द पछि “,जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव” भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी खण्डक्रम मिलाउनेः

“(घ) सार्वजनिक पदमा नियुक्तिको लागि प्रचलित कानून बमोजिम योग्य नरहेको,”

(४) खण्ड (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः

“(ङ) स्थायी आवासीय अनुमति प्राप्त गरेको वा सोको लागि आवेदन गरेको ।“

४५. विधेयकको दफा ५२ दफाक्रम मिलाउँदा कायम हुने दफा ५४ को उपदफा (१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिक्ने।

४६. विधेयकको दफा ५३ दफाक्रम मिलाउँदा कायम हुने दफा ५५ को,-

(१) उपदफा (१) मा रहेका “भत्ता” भन्ने शब्द पछि “मासिक रुपमा” भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको “नबढ्ने गरी” भन्ने शब्दहरुको सट्टा “नबढ्ने गरी र उस्तै प्रकृतिका अन्य सरकारी सेवाको समान हुने गरी” भन्ने शब्दहरु राख्ने।

४७. विधेयकको दफा ५९ दफाक्रम मिलाउँदा कायम हुने दफा ६१ को उपदफा (१) को,-

(१)खण्ड (ङ) मा रहेको “किरिया” भन्ने शब्दको सट्टा “मृत्यु संस्कार” भन्ने शब्दहरु राख्ने

(२)खण्ड (ङ) पछि देहायको खण्ड (च) राखी खण्डक्रम मिलाउनेः-

(च) वेतलबी विदा

४८. विधेयकको दफा ६० दफाक्रम मिलाउँदा कायम हुने दफा ६२ को,-

(१) उपदफा (१) मा रहेका “शिक्षक सरुवा” भन्ने शब्दको सट्टा “दुई शैक्षिक सत्र पूरा गरेका शिक्षकलाई सरुवा” भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको “साधारण” भन्ने शब्दको सट्टा “कक्षागत” भन्ने शब्द राख्ने ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः-

“(२) उपदफा (१) बमोजिम सरुवा गर्दा स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानूनमा व्यवस्था भए बमोजिम चक्रीय प्रणालीका आधारमा पारदर्शी र अनुमानयोग्य हुनेगरी सरुवा गर्नुपर्नेछ ।”

(३) उपदफा (२) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (३) मा रहेको "कार्यरत रहेको स्थानीय तहको सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले" भन्ने शब्दहरुको सट्टा "सरुवा भई आउने र जाने दुवै स्थानीय तहको सहमतिमा प्रदेशभित्र सम्बन्धित प्रदेश सरकारको शिक्षा हेर्ने निकायले र अन्तर प्रदेश सरुवाको हकमा सरुवा भई आउने प्रदेश सरकारको शिक्षा हेर्ने निकायले" भन्ने शब्दहरु राखे।

(४) उपदफा (३) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (४) मा रहेको "उपदफा (२)" भन्ने शब्दको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखे ।

(५) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखेः

"(६) यस दफा बमोजिम एउटै प्रदेशभित्रको एक स्थानीय तहको सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकलाई अर्को स्थानीय तहको सार्वजनिक विद्यालयमा वा फरक फरक प्रदेशका सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक सरुवा गर्दा नियुक्ति वा सरुवा भई आएको मितिले कम्तीमा पाँच वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन।

"तर कुनै शिक्षकलाई कडा रोग लागी निजको नियमित उपचार गर्नु पर्ने भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा सम्बन्धित स्थानीय तहको समन्वयमा त्यस्तो शिक्षकलाई सो अवधि पूरा नभए तापनि रिक्त दरवन्दीमा सरुवा गर्न बाधा पर्नेछैन।"

(६) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (६) पछि देहायको उपदफा (७) राखी उपदफाक्रम मिलाउनेः-

"(७) यस दफा बमोजिम शिक्षकको सरुवा दरवन्दी नभएको विद्यालयमा र शैक्षिक शत्रको बीचमा गर्न पाइने छैन।"

(७) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखेः-

"(८) यस दफा बमोजिम सरुवा भएको शिक्षकको अभिलेख राष्ट्रिय किताबखाना र प्रदेश सरकारको शिक्षा हेर्ने निकायमा पठाई निजको सरुवाको विवरण विद्युतीय माध्यमबाट अद्यावधिक गर्नुपर्नेछ ।"

४९. दफा ६१ दफाक्रम मिलाउँदा कायम हुने दफा ६३ को सट्टा देहायको दफा ६३ राखेः

६३. **<u>शिक्षकको बढुवा</u>** : (१) शिक्षकको बढुवा देहायको आधारमा गरिनेछः-

(क) आन्तरिक प्रतियोगिता

(ख) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन

(ग) कार्यक्षमताको मूल्याङ्कन

(२) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तह भन्दा तल्लो श्रेणी वा तहमा कम्तीमा पाँच बर्ष सेवा अवधि पूरा भएको र बढुवा हुने श्रेणी वा तहको लागि तोकिए बमोजिमको विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिक्षकको हकमा निज सेवा प्रवेश गर्दाको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(४) उपदफा (१) बमोजिम बढुवा गर्दा आधारभूत तहको कक्षागत तर्फको जिल्लागत आधारमा र आधारभूत तहको विषयगत तथा माध्यमिक तहतर्फ प्रदेशगत आधारमा बढुवा गरिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षकलाई बढुवा गरिने छैनः-

(क) पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा असी प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा,

(ख) सम्बन्धित श्रेणीमा एक महिनाको सेवाकालिन तालिम प्राप्त गरेको नभएमा,

(ग) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(घ) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(ङ) तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर,

(च) नसिहत पाएकोमा नसिहत पाएको बर्ष ।

(६) बढुवा समितिले उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम हुने बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा योग्यताक्रम कायम गरी सिफारिस गर्नुपर्नेछः-

(क) हाल बहाल रहेको तह वा श्रेणीको पदमा आयोगले सिफारिस गरेको मिति वा बढुवा समितिले सिफारिस गरेको मिति,

(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको तह वा श्रेणीभन्दा तल्लो तह वा श्रेणीको पदमा आयोगले सिफारिस गरेको मिति वा बढुवा समितिले सिफारिस गरेको मिति,

(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको तह वा श्रेणीको पदमा आयोग वा बढुवा समितिले गरेको सिफारिसको योग्यताक्रम,

(घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता नछुट्टिएमा माथिल्लो शैक्षिक योग्यताको आधारमा, सोबाट पनि नछुट्टिएमा उक्त शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत,

(ङ) खण्ड (घ) बमोजिम जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधार,

(च) खण्ड (ङ) बमोजिम समेत जेष्ठता नछुट्टिएमा आयोगले निर्धारण गरेको आधार।"

(७) उपदफा (१) को खण्ड (ख) बमोजिम जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनको आधारमा बढुवा गर्दा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएको शिक्षकलाई बढुवा गरिनेछ।

(८) उपदफा (१) को खण्ड (ग) बमोजिम कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाको आधार र अङ्क विभाजन देहाय बमोजिम हुनेछः-

(क) ज्येष्ठता बापत - बीस अङ्क,

(ख) कार्यसम्पादन मूल्याङ्कन बापत - सत्तरी अङ्क,

(ग) शैक्षिक योग्यता बापत - पाँच अङ्क,

(घ) तालीम बापत - पाँच अङ्क

(९) कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गर्दा दफा ६६ को उपदफा (२) बमोजिम प्राप्त गरेको अङ्कको सत्तरी प्रतिशतले हुन आउने अङ्क गणना गरिनेछ ।

(१०) जेष्ठता वापतको अङ्क गणना गर्दा प्रतिवर्ष दुई अङ्कको दरले बढीमा बीस अङ्क प्रदान गरिनेछ ।

(११) कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई बढुवा गरिनेछ।"

५०. विधेयकको दफा ६२ दफाक्रम मिलाउँदा कायम हुने दफा ६४ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राख्नेः

(क) शिक्षक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको शिक्षक सेवा आयोगको सदस्य - अध्यक्ष

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरेको र कम्तिमा माध्यमिक तहको प्रथम श्रेणीबाट अवकाशप्राप्त शिक्षक वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको पदबाट अवकाशप्राप्त व्यक्ति मध्येबाट आयोगले तोकेको व्यक्ति - सदस्य

५१. विधेयकको दफा ६३ र ६४ दफाक्रम मिलाउँदा कायम हुने दफा ६५ र ६६ झिकी दफाक्रम मिलाउने ।

५२. विधेयकको दफा ६६ को सट्टा देहायको दफा ६६ राख्नेः-

"**६६. <u>कार्यसम्पादनको मूल्याङ्कन</u>**: (१) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा कूल एक सय पूर्णाङ्क कायम गरिनेछ र सो अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) शिक्षकले वार्षिक रुपमा गरेको कार्यको स्व-मूल्याङ्कन वापत पाउने अधिकतम अङ्क - साठी

(ख) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क - पच्चीस

(ग) पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम अङ्क - दश

(घ) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम अङ्क - पाँच

(३) उपदफा (२) को खण्ड (क) बमोजिम स्व-मूल्याङ्कनबाट पाउने अङ्कलाई देहायका आधारमा सम्बन्धित शिक्षकको रोहवरमा सुपरिवेक्षकबाट यकीन गराई सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृतले प्रमाणित गरी विद्युतीय माध्यममा समेत राख्न लगाउनेछः-

(क) आफूले अध्यापन गराउने पाठ्यक्रममा आधारित भएर तयार गरेको वार्षिक शैक्षिक योजना,

(ख) दैनिक पाठयोजना र त्यसको कार्यान्वयन,

(ग) शिक्षण सिकाइमा शैक्षिक सामग्रीको निर्माण र सूचना प्रविधिको प्रयोग,

(घ) विद्यार्थीको निरन्तर तथा सुधारात्मक मूल्याङ्कन तथा सोको विवरण,

(ङ) विद्यालयमा लिएको विशेष जिम्मेवारी,

(च) वार्षिक रूपमा गरेको नवप्रवर्तनात्मक कार्य,

(छ) शिक्षण सिकाइ सुधारको लागि गरेको कार्यमूलक अनुसन्धान,

(ज) निजले अध्यापन गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि।

(४) उपदफा (२) को खण्ड (ख) (ग) र (घ) बमोजिम गरिने मूल्याङ्कन देहायका आधारमा गरिनेछः-

(क) शिक्षकमा भएको विषयवस्तुको ज्ञान,

(ख) बालमनोविज्ञानको ज्ञान तथा बालमैत्री व्यवहार गर्ने सीप,

(ग) पेशाप्रतिको निष्ठा, इमान्दारिता, लगनशीलता र आचार संहिताको पालना,

(घ) शैक्षिक गुणस्तर प्रतिको जिम्मेवारी र जवाफदेहिता,

(ङ) शिक्षण विधिको छनौट, शिक्षण सामग्रीको विकास र प्रयोग गर्ने क्षमता,

(च) विद्यार्थीको सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने क्षमता,

(छ) अभिभावकसँग सम्पर्क र अन्तर्क्रिया गरी पृष्ठपोषण लिने र गुनासो व्यवस्थापन गर्ने क्षमता ।

(५) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्दा उपदफा (३) र (४) बमोजिमको अङ्कभार, कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

५३. विधेयकको दफा ६८ झिकी दफाक्रम मिलाउने।

५४. विधेयकको दफा ७० दफाक्रम मिलाउँदा कायम हुने दफा ६९ को,-

(१) उपदफा (२) मा रहेका "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपी दफाक्रम मिलाउनेः

"(४) दफा ९६ बमोजिम उमेर हदका कारण पदबाट अवकाशप्राप्त गरेको अवस्थामा बाहेक विशिष्ट श्रेणीको शिक्षकको पदावधि पाँच वर्षको हुनेछ ।"

(३) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेको "पन्ध्र वर्ष" भन्ने शब्दहरुको सट्टा "सात वर्ष" भन्ने शब्दहरु राख्ने ।

५५. विधेयकको दफा ७१ दफाक्रम मिलाउँदा कायम हुने दफा ७० मा रहेको "पहिले" भन्ने शब्द झिक्ने।

५६. विधेयकको दफा ७२ दफाक्रम मिलाउँदा कायम हुने दफा ७१ को दफा शीर्षक र दफामा रहेको "र आदेश" भन्ने शब्दहरु झिक्ने।

५७. विधेयकको दफा ७४ दफाक्रम मिलाउँदा कायम हुने दफा ७३ मा रहेको “जनताको बीचको आपसी सम्बन्धमा” भन्ने शब्दहरुको सट्टा “जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने, विभिन्न जात, जाति, भाषा, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने र सामाजिक सदभावमा” भन्ने शब्दहरु राख्ने।

५८. विधेयकको दफा ७५ दफाक्रम मिलाउँदा कायम हुने दफा ७४ को उपदफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप्नेः-

“तर शैक्षिक, सामाजिक वा सांस्कृतिक रुपमा मनाइने कुनै उत्सव वा पर्वमा परम्परागत रुपमा लिने दिने उपहारलाई यस दफाले रोक लगाएको मानिने छैन।”

५९. विधेयकको दफा ७६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७५ मा रहेको “स्वीकृति विना” भन्ने शब्दहरु पछि “कुनै निजी लगानीका विद्यालयमा निज वा निजको श्रीमान् वा श्रीमतीले लगानी गर्न,” भन्ने शब्द राखी सोही उपदफा पछि देहायको प्रतिवन्धात्मक वाक्यांश राख्नेः-

“तर खुल्ला बजारबाट शेयर खरिद गर्न वा आधारभूत शेयरधनी नहुने गरी एक प्रतिशत भन्दा कम संस्थापक शेयर खरिद गर्न बाधा पर्नेछैन ।”

६०. विधेयकको दफा ७७ दफाक्रम मिलाउँदा कायम हुने दफा ७६ को उपदफा (२) को खण्ड (क) मा रहेको "विपद् कार्यमा उद्धार" भन्ने शब्दहरुको सट्टा "विपद् व्यवस्थापन" भन्ने शब्दहरु राख्ने ।

६१. विधेयकको दफा ८१ दफाक्रम मिलाउँदा कायम हुने दफा ८० को सट्टा देहायको दफा ८० राख्नेः-

“८०. **लैङ्गिक तथा जातीय भेदभाव गर्न तथा यातना दिन नहुनेः** (१) शिक्षकले लैङ्गिक तथा जातीय आधारमा भेदभाव गर्न वा छुवाछुतजन्य कार्य गर्न वा सोको लागि दुरुत्साहन गर्न हुँदैन ।

(२) शिक्षकले विद्यार्थीलाई कुटपिट गर्न, शारीरिक वा मानसिक यातना दिन हुँदैन ।”

६२. विधेयकको दफा ८२ दफाक्रम मिलाउँदा कायम हुने दफा ८१ मा रहेको “(शिक्षक)” भन्ने शब्द झिक्ने।

६३. दफा ८३ दफाक्रम मिलाउँदा कायम हुने दफा ८२ पछि देहायको दफा ८३ थप गरी दफाक्रम मिलाउनेः-

“८३. **आचरण पालना गराउनेः** (१) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकलाई र प्रधानाध्यापकले आफू मातहतका शिक्षकलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित आचरणको पालना गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नुपर्ने शिक्षकले त्यस्तो आचरण उल्लङ्घन गरेमा विभागीय कारवाही गर्ने अधिकारप्राप्त अधिकारीले समयमै विभागीय कारबाही गर्नु पर्नेछ ।

६४. विधेयकको दफा ८४ मा रहेका “शिक्षकले देहायको कुनै काम गरेमा सुपरिवेक्षक वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फाइलमा राख्नेछ” भन्ने वाक्यांशको सट्टा “शिक्षकले

देहायको कुनै काम गरेमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले वा विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा स्थानीय तहले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण फाइलमा राखिनेछ।" भन्ने बाक्यांश राखी सोही दफाको खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउनेः-

"(च) सम्बन्धित शिक्षकले अध्यापन गर्ने विषयको परीक्षाको नतिजा राष्ट्रिय औसतभन्दा कम भएमा,"

६५. विधेयकको दफा ८६ को खण्ड (ङ) मा रहेको "शिक्षकले" भन्ने शब्दपछि "सोही शैक्षिक सत्रमा" भन्ने शब्दहरु थप्ने ।

६६. विधेयकको दफा ८७ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज), (झ) र (ञ) थपी खण्डक्रम मिलाउनेः-

"(ज) यौनजन्य दुर्व्यवहार गरेमा,

(झ) लैङ्गिक वा जातीय भेदभाव वा छुवाछुत गरेमा,

(ञ) दफा १५६ बमोजिमको गुनासो सुनुवाई गर्ने जिम्मेवारी पाएको शिक्षकले गुनासो सुनुवाई नगरेमा,"

६७. विधेयकको दफा ८८ को उपदफा (१) को खण्ड (ङ) मा रहेको "नब्बे" भन्ने शब्दको सट्टा "तीस" भन्ने शब्द राख्ने।

६८. विधेयकको दफा ८९ को,-

(१) उपदफा (२) मा रहेको "को खण्ड (ख) र (ग)" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (७) मा रहेका "शिक्षा विभाग" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा मानवस्रोत विकास केन्द्र" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने।

६९. विधेयकको दफा ९० को उपदफा (२) मा रहेका "शिक्षा विभाग" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा मानवस्रोत विकास केन्द्र" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने।

७०. विधेयकको दफा ९४ पछि देहायको दफा ९५ थप गरी दफाक्रम मिलाउने,-

"**९५. पुनरावेदनः** यस ऐन बमोजिम विभागीय कारवाहीको सजाय पाएको शिक्षकले त्यस्तो सजायमा चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

७१. विधेयकको दफा ९९ दफाक्रम मिलाउँदा कायम हुने दफा १०० को,-

(१) उपदफा (४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर शिक्षक सेवा आयोगले २०७५ सालमा लिएको परीक्षाबाट स्थायी नियुक्त भएका शिक्षकको निवृत्तभरण प्रयोजनको लागि सेवा अवधि अपुग हुने भएमा त्यस्तो अपुग अवधि थप गरी निवृत्तभरण प्रदान गरिनेछ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउनेः-

(५) सम्बत् २०८२ साल बैशाख १ गतेभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम सेवा प्रवेशको लागि अधिकतम उमेर चालिस वर्ष तोकिएको शिक्षक अनिवार्य अवकाश हुँदा निवृत्तभरणको लागि आवश्यक न्यूतनम सेवा अवधि अपुग हुने भएमा अपुग अवधि थप गरी निवृत्तभरणको लागि सेवा अवधि गणना गरिनेछ।"

७२. विधेयकको दफा १०१ दफाक्रम मिलाउदा कायम हुने दफा १०२ को ठाउँ ठाउँमा रहेका "दफा ९९" भन्ने शब्दहरुको सट्टा "दफा १००" भन्ने शब्दहरु र "दफा ९८" भन्ने शब्दहरुको सट्टा "दफा ९९" भन्ने शब्दहरु राख्ने ।

७३. विधेयकको दफा १०२ दफाक्रम मिलाउदा कायम हुने दफा १०३ को उपदफा (२) मा रहेका "दफा १०१" भन्ने शब्दहरुको सट्टा "दफा १०२" भन्ने शब्दहरु राख्ने ।

७४. विधेयकको दफा १०३ दफाक्रम मिलाउदा कायम हुने दफा १०४ को ठाउँ ठाउँमा रहेका "दफा ९८" भन्ने शब्दहरुको सट्टा "दफा ९९" भन्ने शब्दहरु र सोही दफाको ठाउँ ठाउँमा रहेका "दफा ९९" भन्ने शब्दहरुको सट्टा "दफा १००" भन्ने शब्दहरु राखी सोही दफाको उपदफा (१) मा रहेका "दफा १०१" भन्ने शब्दहरुको सट्टा "दफा १०२" भन्ने शब्दहरु राख्ने ।

७५. विधेयकको दफा १०४ दफाक्रम मिलाउँदा कायम हुने दफा १०५ को,-

(१) उपदफा (१) मा रहेका "दफा ५६" भन्ने शब्दहरुको सट्टा "दफा ५८", "दफा ५७" भन्ने शब्दहरुको सट्टा "दफा ५९", "दफा १०७" भन्ने शब्दहरुको सट्टा "दफा १०८", भन्ने शब्दहरु राखी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "घर विदा र" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (२) मा रहेका "दफा १०१" भन्ने शब्दहरुको सट्टा "दफा १०२" भन्ने शब्दहरु राख्ने ।

७६. विधेयकको दफा १०६ दफाक्रम मिलाउँदा कायम हुने दफा १०७ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः

"(३) नेपाल सरकार, मन्त्रिपरिषद्को सम्वत् २०७८ साल फागुन १६ गतेको निर्णय अनुसार पुनर्वहाली भएका शिक्षकको विस्थापित हुनु अघि काम गरेको अवधि र पुनर्वहाली भए पश्चात् उमेर हदका कारण अनिवार्य अवकाश हुने मितिसम्मको अवधि जोड्दा निवृत्तभरण पाउने अवस्था नभएमा अपुग हुने अवधि विस्थापित अवधिभन्दा ननाघ्ने गरी निवृत्तभरण प्रयोजनको लागि निजको सेवा अवधि थप गरिनेछ।"

(२) उपदफा (३) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (४) को शुरुमा "सम्बत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्मको अवधिका" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "तीस दिनभित्र शिक्षा विभागमा" भन्ने शब्दहरुको सट्टा "तीन महिनाभित्र शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (५) पछि देहायको उपदफा (६) थप्नेः

"(६) उपदफा (५) बमोजिमको सिफारिस समितिले निवृत्त शिक्षक तथा कर्मचारीको सेवा अवधि द्वन्दको कारण टुटेको भन्ने प्रमाण सहित सिफारिस गरेमा नेपाल सरकारले यस ऐन बमोजिमको निवृत्तभरण वा उपदानको प्रयोजनको लागि त्यस्तो शिक्षक तथा कर्मचारीको सेवा अवधि जोड्ने गरी निर्णय गर्न सक्नेछ।

तर निजले प्रचलित कानून बमोजिम द्वन्द पीडितको रुपमा सुविधा प्राप्त गरिसकेको भएमा यस उपदफा बमोजिमको सुविधा पाउनेछैन ।"

७७. विधेयकको दफा १०७ दफाक्रम मिलाउँदा कायम हुने दफा १०८ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) निवृत्तभरण कोष सम्बन्धी संघीय कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०८२ साल वैशाख १ गते अघि स्थायी नियुक्ति भएको शिक्षकले दफा १०० बमोजिम निवृत्तभरण पाउनेछ ।"

(२) उपदफा (३) झिकी उपदफाक्रम मिलाउने ।

(३) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (४) मा रहेका "दफा ९७, ९८, ९९, १००, १०१, १०२ र १०३" भन्ने शब्द र अंकहरुको सट्टा "दफा ९८, ९९, १००, १०१, १०२, १०३ र १०४" भन्ने शब्द र अंकहरु राख्ने।

७८. विधेयकको दफा १०८ दफाक्रम मिलाउँदा कायम हुने दफा १०९ को उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः

"(४) उपदफा (३) बमोजिम विद्यालय कर्मचारीको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी कानून बनाउदा श्रम सम्बन्धी प्रचलित संघीय कानूनले निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा सुविधाभन्दा कम नहुने गरी बनाउनु पर्नेछ।"

७९. विधेयकको दफा १०९ दफाक्रम मिलाउँदा कायम हुने दफा ११० को उपदफा (६) मा रहेको "दफा १०१" भन्ने शब्द र अंकहरुको सट्टा "दफा १०२" भन्ने शब्द र अंकहरु राख्ने ।

८०. विधेयकको दफा ११० दफाक्रम मिलाउदा कायम हुने दफा १११ को ठाउँ ठाउँमा रहेका "दफा १०९" भन्ने शब्दहरुको सट्टा "दफा ११०" भन्ने शब्दहरु राख्ने ।

८१. विधेयकको दफा १११ दफाक्रम मिलाउँदा कायम हुने दफा ११२ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः

"(३) उपदफा (२) बमोजिम अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा लोक सेवा आयोगले तोकेको एक जना लोक सेवा आयोगको सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ र सो समितिले फरक वर्ग वा समुदायको समेत प्रतिनिधित्व हुने गरी अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपी उपदफाक्रम मिलाउनेः

“(४) उपदफा (३) बमोजिमको सिफारिस समितिको छनौट सम्बन्धी कार्यविधि सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम सिफारिस समितिले सिफारिस गरेका व्यक्तिलाई नेपाल सरकारले आयोगको अध्यक्ष र सदस्यमा नियुक्त गर्नेछ।“

(३) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः

“तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधि समेतलाई जोडी गणना गरिनेछ।“

(४) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थपी उपदफाक्रम मिलाउनेः

“(९) अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा पैंतालिस दिन अगावै उपदफा (३) बमोजिमको नियुक्ति प्रकृया प्रारम्भ गर्नुपर्नेछ ।

तर कुनै कारणले वहाल रहेको अध्यक्ष वा सदस्यको पद रिक्त हुन गएमा रिक्त भएको मितिले पैंतालिस दिनभित्र उपदफा (३) बमोजिमको नियुक्ति प्रकृया सम्पन्न गर्नुपर्नेछ।"

(५) उपदफा (७) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (१०) मा रहेका "उपदफा (६)" को सट्टा "उपदफा (७)" भन्ने शब्दहरु राख्ने ।

(६) उपदफा (८), (९), (१०) र (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (११), (१२), (१३) र (१४) मा रहेका “उपदफा (७)” भन्ने शब्दहरुको सट्टा “उपदफा (१०)” भन्ने शब्दहरु राख्ने ।

८२. विधेयकको दफा ११२ दफाक्रम मिलाउँदा कायम हुने दफा ११३ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नेः-

"(ग) पैंतिस वर्ष पूरा भई साठी वर्ष ननाघेको,"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः

“(घ) अध्यक्षको हकमा नेपाल सरकारको विशिष्ट श्रेणीबाट अवकाशप्राप्त वा उच्च शिक्षाको प्राध्यापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभवप्राप्त गरेको र सदस्यको हकमा कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको।“

(३) खण्ड (ङ) झिक्ने ।

८३. विधेयकको दफा ११३ दफाक्रम मिलाउँदा कायम हुने दफा ११४ को उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका “दफा ११२” भन्ने शब्दहरुको सट्टा “दफा ११३” भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (ख) मा रहेका “जवरजस्ती करणी” भन्ने शब्दहरुपछि "बहुविवाह, जातीय भेदभाव तथा छुवाछुत," भन्ने शब्दहरु थप्ने ।

८४. विधेयकको दफा ११४ दफाक्रम मिलाउँदा कायम हुने दफा ११५ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) दफा ११२ को उपदफा (६) बमोजिम पदावधि समाप्त भएमा वा उपदफा (१०) बमोजिम हटाइएमा,"

(२) खण्ड (ख) मा रहेका "दफा ११३" भन्ने शब्दहरुको सट्टा "दफा ११४" भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (ङ) झिकी खण्डक्रम मिलाउने ।

८५. विधेयकको दफा ११८ दफाक्रम मिलाउँदा कायम हुने दफा ११९ को उपदफा (४) पछि देहायको उपदफा (५) थप्नेः

"(५) आयोगमा कार्यरत कर्मचारीलाई नेपाल सरकारले सरुवा गर्दा आयोगसँग परामर्श गर्नुपर्नेछ।"

८६. विधेयकको दफा १२४ दफाक्रम मिलाउदा कायम हुने दफा १२५ को उपदफा (३) मा रहेको "साधारणतर्फ" भन्ने शब्दको सट्टा "कक्षागततर्फ" भन्ने शब्द राख्ने ।

८७. विधेयकको दफा १२५ दफाक्रम मिलाउदा कायम हुने दफा १२६ मा रहेका "दफा १२४" भन्ने शब्दहरुको सट्टा "दफा १२५" भन्ने शब्दहरु राख्ने ।

८८. विधेयकको दफा १२७ दफाक्रम मिलाउँदा कायम हुने दफा १२८ को,-

(१) उपदफा (३) मा रहेको "कार्यमा" भन्ने शब्दको सट्टा "कार्यमा वा परीक्षार्थीको रुपमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको "निकायले" भन्ने शब्दपछि "तीन महिनाभित्र" भन्ने शब्दहरु थप्ने ।

८९. विधेयकको दफा १३१ दफाक्रम मिलाउँदा कायम हुने दफा १३२ को ठाउँ ठाउँमा रहेका "दफा १३०" भन्ने शब्दहरुको सट्टा "दफा १३१" भन्ने शब्दहरु राख्ने र सोही दफाको उपदफा (२) मा रहेका "दफा १३२" भन्ने शब्दहरुको सट्टा "दफा १३३" भन्ने शब्दहरु राख्ने ।

९०. विधेयकको दफा १३४ दफाक्रम मिलाउँदा कायम हुने दफा १३५ को अन्तमा रहेको "सक्नेछ।" भन्ने शब्दपछि "र त्यसरी विद्युतीय माध्यममा राखिएको विवरण सरोकारवालाको पहुँच पुग्नेगरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।" भन्ने वाक्यांश थप्ने ।

९१. विधेयकको दफा १३६ दफाक्रम मिलाउँदा कायम हुने दफा १३७ को ठाउँ ठाउँमा रहेका "सचिव" भन्ने शब्दको सट्टा "प्रशासकीय प्रमुख" भन्ने शब्दहरु राख्ने ।

९२. विधेयकको दफा १३८ दफाक्रम मिलाउँदा कायम हुने दफा १३९ को उपदफा (२) मा रहेका "सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक गर्न वा अन्तिम नतिजा प्रकाशन भएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले माग गरेमा त्यस्तो विवरण दिन" भन्ने शब्दहरु राख्ने ।

९३. विधेयकको दफा १३९ दफाक्रम मिलाउँदा कायम हुने दफा १४० को,-

(१) उपदफा (२) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपी खण्डक्रम मिलाउनेः

"(छ) यस ऐन बमोजिम विभागीय कारवाहीको सम्बन्धमा दिएको परामर्श,"

(२) उपदफा (३) मा रहेको "प्रतिवेदन" भन्ने शब्दहरु पछि "नेपाल सरकारले संघीय संसदको दुवै सदनको शिक्षा हेर्ने समितिमा पेश गरी" भन्ने शब्दहरु राख्ने।

९४. विधेयकको दफा १४० दफाक्रम मिलाउँदा कायम हुने दफा १४१ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ङ) मा रहेको “स्वीकृति,” भन्ने शब्द झिक्ने।

(ख) खण्ड (च) मा “अनौपचारिक शिक्षा,” भन्ने शब्दहरु पछि “बहुभाषिक शिक्षा,” भन्ने शब्दहरु थपी सोही खण्डमा रहेका “, मातृभाषामा शिक्षा र परामर्श सेवा” भन्ने शब्दहरुको सट्टा “र मातृभाषामा शिक्षा” भन्ने शब्दहरु राख्ने।

(ग) खण्ड (ञ) मा रहेका “शिक्षामा लगानी” भन्ने शब्दहरुको सट्टा “सङ्घ, प्रदेश र स्थानीय तहबाट विद्यालय शिक्षामा गरिने लगानी तथा लागत साझेदारीको अनुपात निर्धारण गर्ने” भन्ने शब्दहरु राख्ने ।

(घ) खण्ड (ट) पछि देहायको खण्ड (ठ), (ड) र (ढ) थपी खण्डक्रम मिलाउनेः

“(ठ) विद्यालय शिक्षाको गुणस्तरको निर्धारण तथा गुणस्तरमा आधारित प्रत्यायन प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य,

(ड) एकीकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य,

(ढ) परम्परागत शिक्षाको गुणस्तर सुधार तथा मुलप्रावहीकरण गर्ने सम्बन्धी कार्य"

(ङ) खण्ड (ड) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (त) मा रहेका “शैक्षिक परामर्श सेवा" भन्ने शब्दहरुपछि "विदेशी शैक्षिक कार्यक्रम," भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) को,-

(क) खण्ड (ग) झिकी खण्डक्रम मिलाउने।

(ख) खण्ड (ङ) खण्डक्रम मिलाउदा कायम हुने खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः

“(घ) शिक्षक तथा कर्मचारीको पेशागत दक्षताको लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रसँग समन्वय गरी पाठ्यक्रम विकास गर्ने तथा तालिम सञ्चालन गर्ने“

(ग) खण्ड (च) खण्डक्रम मिलाउदा कायम हुने खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ), (ज), (झ) र (ञ) थपी खण्डक्रम मिलाउनेः-

“(च) केन्द्रीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग तादात्म्य हुने गरी प्रदेश भित्रको शैक्षिक तथ्याङ्क व्यवस्थापन,

(छ) प्रदेश भित्रको विद्यालयको नक्साङ्कन,

(ज) राष्ट्रिय मापदण्डको अधीनमा रही प्रदेशभित्र बोलिने मातृभाषा शिक्षा सम्बन्धी कार्य तथा परम्परागत शिक्षा सम्बन्धी कानूनको तर्जुमा र नियमन,

(झ) प्रदेश स्तरमा शिक्षाको गुणस्तरको मापदण्ड निर्धारण र अनुगमन,

(ञ) प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषामा पठनपाठनका लागि आवश्यक समन्वय र सहजीकरण,”

(३) उपदफा (३) मा रहेको “शिक्षा” भन्ने शब्दको सट्टा “आधारभूत तथा माध्यमिक शिक्षा” भन्ने शब्दहरु राखी सोही उपदफाको,-

(क) खण्ड (क) मा रहेको "मापदण्डको" भन्ने शब्दको सट्टा "मापदण्ड र प्रदेश कानूनको" भन्ने शब्दहरु राख्ने।

(ख) खण्ड (घ) मा रहेको "बैकल्पिक शिक्षा" भन्ने शब्दपछि ",समावेशी शिक्षा, नैतिक शिक्षा" भन्ने शब्दहरु थप्ने।

(ग) खण्ड (ङ) मा रहेको "सीप" भन्ने शब्द पछि "भाषा लिपि, परम्परागत पेशा व्यवसाय," भन्ने शब्दहरु थप्ने।

(घ) खण्ड (ध) मा रहेको "विकास, तालिम" भन्ने शब्दहरुको सट्टा "विकासको लागि छोटो अवधिको तालिम" भन्ने शब्दहरु थप्ने ।

(ङ) खण्ड (प) पछि देहायको (फ) र (ब) थपी खण्डक्रम मिलाउनेः-

"(फ) सम्बन्धित स्थानीय तहभित्रको शैक्षिक तथ्याङ्कको सङ्कलन,

(ब) प्रचलित कानून बमोजिमका अन्य कार्य,"

९५. विधेयकको दफा १४२ दफाक्रम मिलाउँदा कायम हुने दफा १४३ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यार्थीले बोर्ड, सम्बन्धित निकाय वा विद्यालयबाट सञ्चालित परीक्षाको मर्यादा विपरित कुनै कार्य गरेमा त्यस्तो विद्यार्थीको उक्त दिनको वा सम्पूर्ण विषयको परीक्षा बोर्ड, सम्बन्धित निकाय वा विद्यालयले रद्द गर्न सक्नेछ।"

(२) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (६)" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "रकम फिर्ता गर्न सम्बन्धित विद्यालयलाई आदेश दिनेछ" भन्ने शब्दहरुको सट्टा "रकम फिर्ता गर्न लगाई सो रकम बराबरको जरिवाना हुनेगरी आदेश दिन सक्नेछ।" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) मा रहेको "पाँच" भन्ने शब्दको सट्टा "दश" भन्ने शब्द राख्ने ।

(४) उपदफा (९) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (१०) मा रहेका "(३), (५), (७) र (८)" भन्ने शब्दहरुको सट्टा "(४), (६), (८) र (९)" भन्ने शब्दहरु राख्ने ।

९६. विधेयकको दफा १४३ दफाक्रम मिलाउँदा कायम हुने दफा १४४ मा रहेका "दफा १४२ को उपदफा (१), (२) र (३)" भन्ने शब्दहरुको सट्टा "दफा १४३ को उपदफा (१), (२), र (४)" भन्ने शब्दहरु राख्ने।

९७. विधेयकको दफा १४४ दफाक्रम मिलाउँदा कायम हुने दफा १४५ मा रहेका "दफा १४२ को उपदफा (६)" भन्ने शब्दहरुको सट्टा "दफा १४३ को उपदफा (७)" भन्ने शब्दहरु राख्ने र सोही दफामा रहेको "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (८)" भन्ने शब्दहरु राखी सोही दफामा रहेका "उपदफा (९)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१०)" भन्ने शब्दहरु राख्ने ।

९८. विधेयकको दफा १४६ दफाक्रम मिलाउँदा कायम हुने दफा १४७ को उपदफा (१) पछि देहायका उपदफा (२), (३) र (४) थपी उपदफाक्रम मिलाउनेः-

"(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले सञ्चालन गर्ने परीक्षामा दफा ५२ को उपदफा (१) को खण्ड (ख) बमोजिम योग्यता पुगेका व्यक्ति उम्मेदवार हुन योग्य हुनेछन् ।

(३) यस दफा बमोजिम अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारले उच्च शिक्षामा शिक्षाशास्त्र संकाय बाहेकका अन्य विषय लिई उत्तीर्ण गरेको भए त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले अध्यापन प्रारम्भ गर्नुभन्दा अघि शिक्षण विधि सम्बन्धी कम्तीमा एक महिनाको तालिम लिनुपर्नेछ । त्यस्तो तालिमको प्रबन्ध प्रदेश सरकारको शिक्षा हेर्ने निकायले मिलाउनेछ ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिमको परम्परागत धारमा अध्यापन हुने विद्यायलयमा अनिवार्य बाहेकका विषयमा अनुमतिपत्र नभएका शिक्षकलाई अध्यापन गर्न बाधा पर्नेछैन ।"

९९. विधेयकको दफा १४८ दफाक्रम मिलाउँदा कायम हुने दफा १४९ पछि देहायको दफा १५०, १५१, १५२, १५३, १५४, १५५ ,१५६, १५७, १५८ र १५९ थपी दफाक्रम मिलाउने:-

"**१५०.** **पूर्ण छात्रवृत्ति सम्बन्धी व्यवस्था:** (१) निजी लगानीमा सञ्चालित विद्यालयले शिक्षा सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम प्रदान गर्नुपर्ने छात्रवृत्ति पूर्ण छात्रवृत्तिका रूपमा उपलब्ध गराउनु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "पूर्ण छात्रवृत्ति" भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने अन्य सुविधा सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति अन्तर्गतको पोशाक सुविधा उपदफा (६) बमोजिमको गरिब तथा विपन्न विद्यार्थीको लागि मात्र उपलब्ध गराइनेछ।

(३) विद्यालयले प्रत्येक शैक्षिक सत्रको प्रारम्भमा प्रचलित कानूनमा तोकिएको भन्दा कम नहुनेगरी छात्रवृत्तिको लागि विद्यार्थीको सिट संख्या निर्धारण गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा सोको विवरण पठाउनु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको सिट संख्या प्राप्त भएपछि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एकीकृत गरी छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीको लागि सार्वजनिक रुपमा आव्हान गर्नुपर्नेछ र त्यस्तो सूचना गाउँपालिका वा नगरपालिकाको वेवसाइट तथा सूचना पाटीमा समेत राख्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना बमोजिम छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थीले आफूले अध्ययन गर्न चाहेको विद्यालयको प्राथमिकताक्रम उल्लेख गरी निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पारदर्शी, निष्पक्ष तथा समावेशी सिद्धान्तको आधारमा पचास प्रतिशत गरिब तथा विपन्न र पचास प्रतिशत जेहेन्दार विद्यार्थी प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली सार्वजनिक गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम विद्यार्थीको छनौटका लागि एकरुपता कायम गर्न मन्त्रालयले विद्युतीय प्रणालीको विकास गर्नेछ र गाउँपालिका वा नगरपालिकाले विद्यार्थी छनौट गर्दा उक्त प्रणालीको अबलम्बन गर्नुपर्नेछ ।

(८) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**१५१. <u>तालिम सम्बन्धी व्यवस्थाः</u>** (१) शिक्षकको शिक्षण सीप र क्षमता अभिवृद्धि गर्न, शिक्षण पेसाप्रति नवीनतम् सोचको विकास गर्न र शिक्षण पेशामा नवप्रवर्तनलाई आत्मसाथ गर्न सेवा प्रवेश तालिम अनिवार्य र सेवाकालीन तालिम आवश्यकतानुसार दिने व्यवस्था प्रदेश सरकारको शिक्षा हेर्ने निकायले मिलाउनेछ ।

(२) उपदफा (१) मा उल्लिखित तालिमको अतिरिक्त प्रत्येक शिक्षकले पाठ्यक्रम परिवर्तन हुँदा वा प्रत्येक पाँच बर्षमा नेपाल सरकारले तोके बमोजिमको पुनर्ताजगी तालिम लिई अद्यावधिक हुनुपर्नेछ।

(३) सेवा प्रवेश तालिम र सेवाकालीन तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५२. <u>सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नेः</u>** (१) यस ऐन बमोजिम नियुक्ति हुने अस्थायी शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ भएपछि निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई त्यस्तो विद्यालयले सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नुपर्नेछ ।

**१५३. <u>विद्यालय खुला रहनेः</u>** अध्यापन सम्बन्धी काम गर्न एक शैक्षिक सत्रमा कम्तीमा दुई सय बीस दिन विद्यालय खुला रहनेछ ।

**१५४. <u>विद्यार्थीको व्यक्तिगत अभिलेखः</u>** (१) प्रत्येक विद्यालयले अध्ययनरत विद्यार्थीको व्यक्तिगत अभिलेख तयार गर्नुपर्नेछ। सो अभिलेखमा विद्यार्थीको शैक्षिक प्रगति, निजले गर्ने अन्य विद्यार्थी प्रतिको व्यवहार, शैक्षिक तथा अन्य क्रियाकलापमा सहभागिता र आवश्यक देखिएका अन्य विवरण समावेश गरिनेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत अभिलेख अद्यावधिक गरी प्रत्येक चार महिनामा र शैक्षिक सत्रको अन्त्यमा अभिभावक समक्ष पेश गरी पृष्ठपोषण भए सो समेत समावेश गरी राख्नुपर्नेछ।

**१५५. <u>विद्यालय व्यवस्थापन संघः</u>** (१) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा विद्यार्थीको हक हितको लागि कार्य गर्न गैरराजनीतिक तथा गैरनाफामूलक प्रकृतिको विद्यालय व्यवस्थापन समितिका बहालवाला सदस्यहरुबाट प्रतिनिधित्व हुनेगरी एक विद्यालय व्यवस्थापन संघ रहनेछ।

(२) उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन संघले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै पनि सरकारी निकाय वा विद्यालयलाई आर्थिक दायित्व पर्नेगरी कुनै कार्य गर्न पाउनेछैन।

(३) विद्यालय व्यवस्थापन संघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५६. <u>अविभावक सङ्घ</u>**ः (१) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालयको शैक्षिक गतिविधि सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न गैरराजनीतिक तथा गैरनाफामूलक प्रकृतिको एक अविभावक सङ्घ रहनेछ।

(२) उपदफा (१) बमोजिमको अविभावक सङ्घले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै पनि सरकारी निकाय वा विद्यालयलाई आर्थिक दायित्व पर्नेगरी कुनै कार्य गर्न पाउनेछैन।

(३) अविभावक सङ्घ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५७. <u>गुनासो सुनुवाईः</u>** (१) प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी गुनासो सुनुवाई सम्बन्धी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुनासो सुनुवाई सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५८. <u>स्वयंसेवक शिक्षकः</u>** (१) विद्यालयले आवश्यकता र औचित्यताको आधारमा विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी स्वयंसेवक शिक्षकको सेवा लिन सम्बन्धित स्थानीय तहसँग अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवक शिक्षक परिचालनको लागि अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम आवश्यक प्रबन्ध गर्न सक्नेछ ।"

**१५९. <u>प्रोत्साहन गर्नेः</u>** आधारभूत तहको अन्तमा लिइने आधारभूत शिक्षा उत्तिर्ण परीक्षा, कक्षा दशको अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा (एसईई) तथा माध्यमिक तहको अन्तमा लिइने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा लगातार तीन वर्षसम्म विद्यार्थीले उत्कृष्ट नतिजा प्राप्त गर्ने सार्वजनिक विद्यालयको शिक्षकलाई स्थानीय तहले स्थानीय कानूनमा व्यवस्था भए बमोजिम प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ।

१००. विधेयकको दफा १४९ दफाक्रम मिलाउँदा कायम हुने दफा १६० को उपदफा (५) पछि देहायको उपदफा (६) थपी उपदफाक्रम मिलाउनेः

"(६) दफा २७ बमोजिम शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले गुणस्तर परीक्षण गर्दा उत्कृष्ट देखिएका विद्यालयलाई प्रोत्साहित गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले थप अनुदान उपलब्ध गराउन सक्नेछन् ।"

१०१. विधेयकको दफा १५० दफाक्रम मिलाउँदा कायम हुने दफा १६१ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्याशंमा रहेको "दैवी प्रकोपको उद्दार" भन्ने शब्दहरुको सट्टा "विपद् व्यवस्थापन" भन्ने शब्दहरु राख्ने।

१०२. विधेयकको दफा १५२ दफाक्रम मिलाउँदा कायम हुने दफा १६३ को,-

(१) उपदफा (१) मा रहेको "कर्मचारीको" भन्ने शब्दपछि "एकीकृत" भन्ने शब्द थप्ने

(२) उपदफा (२) मा "राष्ट्रिय किताबखाना (शिक्षक) मा र शिक्षा विभागलाई" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय किताबखाना, शिक्षा तथा मानवस्रोत विकास केन्द्र र प्रदेश सरकारको शिक्षा हेर्ने निकायलाई" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (३) मा रहेका "दफा ४३" भन्ने शब्दहरुको सट्टा "दफा ४५" भन्ने शब्दहरु राखी सोही दफामा रहेका "राष्ट्रिय किताबखान (शिक्षक) मा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय किताबखाना र प्रदेश सरकारको शिक्षा हेर्ने निकायमा" भन्ने शब्दहरु राख्ने।

(४) यस दफाको ठाउँ ठाउँमा रहको "(शिक्षक)" भन्ने शब्द झिक्ने ।

१०३. विधेयकको दफा १५३ दफाक्रम मिलाउँदा कायम हुने दफा १६४ को,-

(१) उपदफा (१) को शुरुमा "सार्वजनिक" भन्ने शब्द राखी सोही उपदफाको "संस्थाको रुपमा" भन्ने शब्दहरु पछि "एक" भन्ने शब्द थप्ने ।

(२) उपदफा (२) मा रहेको "विद्यालय शिक्षालाई" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक विद्यालयको शिक्षालाई" भन्ने शब्द थपी सोही उपदफामा रहेको "गुणस्तर" भन्ने शब्दको सट्टा "गुणस्तर, पहुँच तथा सिकाइ उपलब्धिको" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (३) पछि देहायको उपदफा (४), (५), (६), (७) र (८) थपी उपदफाक्रम मिलाउनेः

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल शिक्षक महासंघको सदस्य रहेको शिक्षक प्रधानाध्यापकमा नियुक्त भएमा निजको सदस्यता निज प्रधानाध्यापक रहेसम्म स्वतः निस्कृय हुनेछ र निज प्रधानाध्यापक रहँदासम्म महासंघको तर्फबाट कुनै गतिविधि गर्न पाउनेछैन।

(५) नेपाल शिक्षक महासंघको सदस्य भएको कारणले त्यस्तो सदस्यले थप सेवा सुविधा प्राप्त गर्न र आफ्नो जिम्मेवारी वा दायित्व निर्वाह गर्नबाट कुनै किसिमको छुट पाउने छैन ।

(६) नेपाल शिक्षक महासंघको संस्थागत विकास तथा शैक्षिक सुधार सम्बन्धी गतिविधि सञ्चालन गर्न सम्बन्धित स्थानीय तहको समन्वय र नेपाल शिक्षक महासंघको सिफारिसमा दुई जना पदाधिकारीलाई काजको व्यवस्था गर्न सकिनेछ। त्यस्तो काजमा रहेको नेपाल शिक्षक महासंघको पदाधिकारीले मन्त्रालयले तोकेको विद्यालयमा नियमित हाजिर हुनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम नेपाल शिक्षक महासंघको पदाधिकारीलाई काजमा राख्दा नेपाल सरकारले विद्यालयको पठनपाठनको लगि वैकल्पिक शिक्षकको व्यवस्था गर्नुपर्नेछ ।

(८) यस दफा बमोजिम गठन भएको नेपाल शिक्षक महासंघले वर्षभरी विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षकको पेशागत क्षमता अभिवृद्धि लगायतका विषयमा सम्पादन गरेका रचनात्मक

क्रियाकलाप समावेश भएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।"

१०४. विधेयकको दफा १५४ दफाक्रम मिलाउँदा कायम हुने दफा १६५ को उपदफा (१) मा रहेको "अनुगमनको लागि" भन्ने शब्दहरुपछि "गुणस्तर मापन" भन्ने शब्द राख्ने ।

१०५. विधेयकको दफा १५५ दफाक्रम मिलाउँदा कायम हुने दफा १६६ को उपदफा (१) को,-

(१) खण्ड (ख) को शुरुमा "प्रारम्भिक बालविकास तथा शिक्षा र" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (घ) मा रहेको "विद्यार्थीको संख्या" भन्ने शब्दहरुको सट्टामा "विद्यार्थीको सख्या र जातीय तथा लैङ्गिक अवस्था खुल्ने खण्डीकृत विवरण" भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (ङ) मा रहेका "शिक्षक तथा कर्मचारीको" भन्ने शब्दहरुको सट्टा "शिक्षक, कर्मचारी तथा अन्य जनशक्तिको" भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (च) पछि देहायको खण्ड (छ) थपी खण्डक्रम मिलाउनेः

"(छ) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण,"

१०६. विधेयकको दफा १५६ दफाक्रम मिलाउँदा कायम हुने दफा १६७ को "गैरसरकारी संस्था" भन्ने शब्दहरुको सट्टा "संगठित संस्था" भन्ने शब्दहरु राख्ने ।

१०७. विधेयकको दफा १५९ दफाक्रम मिलाउँदा कायम हुने दफा १७० को सट्टा देहायको दफा १७० राख्नेः

**"१७०. <u>समावेशी सिद्धान्तको आधारमा नियुक्ति वा मनोनयन</u>**ः यस ऐन बमोजिम नियुक्ति वा मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।"

१०८. दफा १६० दफाक्रम मिलाउँदा कायम हुने दफा १७१ को,-

(१) खण्ड (ख) झिकी खण्डक्रम मिलाउने ।

(२) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउनेः-

"(च) स्थानीय तहभित्र र अन्तर स्थानीय तह शिक्षक सरुवा,"

(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्नेः-

"(झ) विशिष्टिकृत विद्यालय, विशेष तथा स्रोत कक्षा स्थापना र सञ्चालन,"

(४) खण्ड (ट) पछि देहायको खण्ड (ठ) र (ड) थपी खण्डक्रम मिलाउनेः

"(ठ) परम्परागत धारका विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,"

(ड) निजी लगानीका विद्यालयको स्थापना, सञ्चालन, शुल्क निर्धारण तथा सार्वजनिकीकरण, विद्यार्थी शिक्षक अनुपात,"

१०९. दफा १६१ दफाक्रम मिलाउँदा कायम हुने दफा १७२ को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेको "विधान" भन्ने शब्दको सट्टा "संस्थापनापत्र" भन्ने शब्द राख्ने।

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी खण्डक्रम मिलाउनेः-

"(ङ) विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह वा कक्षा घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने,"

(३) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) मा रहेको "केन्द्र" भन्ने शब्दको सट्टा "प्राधिकरण" भन्ने शब्द राख्ने ।

(४) खण्ड (ड) खण्डक्रम मिलाउदा कायम हुने खण्ड (ढ) मा रहेका "शैक्षिक परामर्श सेवा" भन्ने शब्दहरुपछि ", विदेशी शैक्षिक कार्यक्रम" भन्ने शब्दहरु राख्ने ।

(५) खण्ड (प) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (फ) पछि देहायको खण्ड (ब) राखी खण्डक्रम मिलाउनेः-

"(ब) अभिलेख व्यवस्थापन,"

(६) खण्ड (फ) मा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने ।

११०. दफा १६२ दफाक्रम मिलाउँदा कायम हुने दफा १७३ को,-

(१) खण्ड (ख) झिकी खण्डक्रम मिलाउने

(२) खण्ड (च) खण्डक्रम मिलाउँदा कामय हुने खण्ड (ङ) को अन्तमा रहेको पुर्णविराम "( । )" झिकी अल्पविराम "(,)" राखी सोही खण्डपछि देहायको खण्ड (च) राख्नेः-

"(च) यस ऐन बमोजिम बनाउनुपर्ने अन्य निर्देशिका ।"

१११. दफा १६३ दफाक्रम मिलाउँदा कायम हुने दफा १७४ को उपदफा (२) मा रहेको ", राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगमा" भन्ने शब्दहरुको सट्टा "र राष्ट्रिय परीक्षा बोर्डमा" भन्ने शब्दहरु राख्ने ।